स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को

अनुसूची ५

(दिग्दर्शनको दफा ५.५.३ संग सम्बन्धित)

# आर्थिक बर्ष २०८१/०८२ को

# नीति तथा कार्यक्रम

आदर्श गाउँपालिका

डोटी जिल्ला

सुदूरपश्चिम प्रदेश

२०८१



CamScanner

आदर्श गाउँपालिकाको आ.व.२०८१/०८२ को गाउँ सभाका सभाध्यक्ष एवं गाउँपालिकाका अध्यक्षज्यू,कार्यपालिकाका सदस्यज्यूहरु,गाउँसभाका सदस्यज्यूहरु,प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यूहरु, सञ्चारकर्मी,समाजसेवी, लगायत उपस्थित सम्पूर्ण कर्मचारीज्यूहरु एवं महानुभावज्युहरु ।

सर्वप्रथम देशको निम्ती आफ्नो ज्यानको आहुती दिने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरुप्रति र गाउँसभा सदस्य जगुवा भाट प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । साथै यस आदर्श गाउँपालिकाको संक्षिप्त चिनारी प्रस्तुत गर्न चाहान्छु ।

संघीय संरचना अनुसार शुदूरपश्चिम प्रदेश अन्तर्गत रहेको डोटी जिल्लाको सदरमुकाम सिलगढी बाट ३३ कि.मी. टाढा रहेको आदर्श गाउँपालिकाको पूर्वमा दि.सि.न.पा.,पश्चिममा शिखर न.पा. र डडेल्धुरा,उत्तरमा सायल गाउँपालिका र दक्षिणमा शिखर न.पा.रहेको छ । २०७८ को राष्ट्रिय जनगणना आधारमा यस आदर्श गाउँपालिकाको कुल क्षेत्रफल १२२ वर्ग कि.मी. ४२०४ घरधुरी,जनसंख्या २४९११, (जसमा पुरुष १११४१ र महिला १३७७०) परिवार संख्या ५४४९ रहेको छ । विशेष गरि क्षेत्री,बाहुन,दलितहरुको बाहुल्यता रहेको यस गाउँपालिकामा हाल ७ वटा वडाहरु कायम रहेको व्यहोरा अवगत गराउन चाहान्छु ।

हामीले सहभागीतात्मक गाउँ विकास योजना तर्जुमा प्रकृया अवलम्वन गर्दै योजना हरुलाई संघिय सरकारको तथा प्रदेश सरकारको मार्ग दर्शन र गाउँपालिकाको आन्तरिक श्रोत समेतलाई मध्यनजर गरि गाउँपालिकाका पदाधिकारीहरु, विशेषज्ञ, बौद्धिक व्यक्तित्व, दलित, महिला, अगुवा कृषक जनसमुदायसंग प्रत्यक्ष भेला, भेटघाट,तथा फोन मार्फत लिईएको राय सुझाव एवं परामर्शको आधारमा आ.व.२०८१/०८२ को पन्धौ गाउँसभाको यो निति तथा कार्यक्रमले यस गाउँपालिकाको विकास ,उन्नति र प्रगतिका लागि आधार तयार गर्ने छ भन्ने कुरामा हामी विश्वस्त रहेका छौ ।

**आदरणिय सभाध्यक्षज्यू :**

## आ.व.२०८०।०८१ अन्तर्गत २०८० श्रावण देखि हाल सम्म यस आदर्श गाउंपालिकामा भएको उपलब्धिहरुको वारेमा छोटकरीमा प्रस्तुत गर्न चाहान्छु ।

यस गाउँपालिकामा रहेका ७ वटै वडाका करिब २७ हजार नागरिकहरुलाई दिगो बिकास र सुशासन दिनु र बिकासमा नागरिकहरुको अधिकतम सहभागिता वृद्धि गर्नु हामि सबैको जिम्मेवारी हो । विगत वर्षमा यस आदर्श गाउँपालिकामा भौतिक तथा मानवीय विकासमा कस्तो प्रभाव पारेको छ सो विषयमा संक्षिप्तमा यसरी प्रस्तुत गर्न चाहान्छु ।

**(क) आर्थिक विकास:** आदर्श गाउँपालिका अन्तर्गत नागरिकहरुको बेरोजगारी समाधान गर्नु ठूलो चुनौति रहेको छ । स्वरोजगार कार्यक्रम एवं कृषि क्षेत्रको विकासबाट यस क्षेत्रका नागरिकहरुलाई बेमौसमी तरकारी खेती गरि बृहतरुपमा तरकारी क्षेत्र विस्तार गर्नको लागि ८५ प्रतिशत अनुदानमा १२५ वटा प्लाष्टिक घर निर्माण तथा कृषि कार्यलाई सहजिकरण गर्न ७५ प्रतिशत अनुदानमा २३ वटा मिनिलिटर (हाते टयाक्टर) वितरण गरि आत्मनिर्भर बनाउन प्रयास गरिएको छ । प्रत्यक्ष रुपमा अवलोकनको माध्यमबाट गुणस्तरिय सिकाई हुने एवं आधुनिक प्रविधि अवलम्बन गरिने उद्देश्य राखि जनप्रतिनिधि तथा अगुवा कृषकहरुलाई ७ दिने अन्तरप्रदेश कृषक भ्रमण कार्यक्रम सम्पन्न भई कृषि क्षेत्रको विकासमा टेवा पुगेको छ । माटोको खाद्यतत्वहरुको अवस्था पत्ता लगाउन माटो सुधार गर्न आदर्श गाउँपालिकाको प्रतिनिधित्व हुने गरि ३३३ वटा माटोको परिक्षण गरि कृषकहरुलाई Soil Health Card गरिएको छ भने कृषकहरुको आवश्यकता अनुसार सिंचाइ कार्यमा सहजिकरण गर्न १७ वटा सिमेन्ट पोखरी एवं २७ जना कृषकलाई पाइप र आकस्मिक रोग किरा नियन्त्रण गर्न रोगनासक एवं किटनासक विषादी वितरण गरिएको छ । प्रत्येक किसानहरुको कृषि तथ्याङ्क थाहा पाउनको लागि अनलाइन प्रणालीको माध्यमबाट तथ्याङ्क प्रविष्ट गरि कृषक दर्ता प्रक्रिया सञ्चालन गरिएको छ भने आलु धान,तरकारीको पकेट एरिया निर्धारण गरि कृषि व्यवसायको माध्यमबाट

गाउँका वासिन्दालाई रोजगार प्रदान गर्न गाउँका धेरै स्थानमा कृषि व्यवसाय र पशुपालन गर्ने कार्यलाई पाथमिकता दिई आवश्यक कार्यक्रम कार्यान्वयन गरिएको छ। पशुहरुलाई नश्ल सुधार गरि उन्नत जात कायम गराउनका लागि गाई र भैसीमा कृतिम गर्भाधान कार्यक्रम सञ्चालन गरिको छ भने महामारी रोग नियन्त्रणका लागि खोप तथा शिविर सञ्चालन गरिएको छ । प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत रोजगार योजना संचालन गरिएको छ भने उद्योग तर्फ जागरण ल्याई रोजगार एवं आत्मनिर्भर बनाउन उद्यम घर निर्माण गरि वडा नं.५ मा दुना टपरी सिप विकास तालिम र चप्पल उद्योग सिप विकास तालिम सञ्चालन गरिएको वडा नं.४ मा आरन सिप विकास तालिम,फर्निचर सिप विकास तालिम,होजियारी सिप विकास तालिम सञ्चालन गरिएको वडा नं.३ मा सिलाई बुनाई सिप विकास तालिम सञ्चालन गरिएको र फाइवर झोला निर्माण कार्य सञ्चालनको चरणमा रहेको छ।

**(ख) सामाजिक क्षेत्र:** गाउँपालिकाले ४ रोपनी जग्गा खरिद गरि जग्गाधनी प्रमाण पूर्जा प्राप्त गर्न सफल भएको छ भने १५ शैया अस्पतालको निर्माण कार्य द्रुतगतीमा अगाढि बढिरहेको छ । गाउँपालिकाका सम्पूर्ण गाउँमा एकिकृत स्वास्थ्य शिविर सञ्चालन गरिएको छ भने उक्त शिविरमा पाठेघरको क्यान्सर पहिचान तथा क्षयरोग निदान गरिएको छ। डोटी जिल्लामा पहिलो पटक पूर्ण खोप पालिका घोषणा भई हाल सम्म निरन्तरता दिईएको छ । बालबालिकाको पोषण सम्बन्धी अवस्थाको जानकारी लिन Growth Monitoring कार्यक्रम तथा स्थायी परिवार नियोजन क्याम्प सञ्चालन गरिएको छ । सामाजिक सुरक्षा भत्ता भुक्तानी प्रक्रियालाई सहज र सरल बनाउन कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सोझै लाभग्रहीको खातामा भुक्तानी गर्न Electronic Fund Trasfer (EFT) विद्युतिय माध्यम लागु गरि भुक्तानी गरिएको तथा बैकंसित गरिएको सम्झौतालाई कायम राखि पालिकामा १ देखि ७ वटै वडामा १/१ दिन शिविर राखि सामाजिक सुरक्षा भत्ता वितारण गरिएको । व्यक्तिगत घटना दर्तालाई पूर्णरुपमा डिजिटाइज गरिएको छ भने Vital Event Registation System project- Management Information System (VERSP-MIS) (भर्सप एम.आई.एस) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण परियोजना प्रणाली सञ्चालन गर्न वडा सचिव र सहायक कम्प्यूटर अपरेटरलाई क्षमता विकास तालिम सञ्चालन गरिएको छ । विद्यालय शिक्षालाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि पालिकास्तरिय दरवन्दी सृजना गरि औचित्यको आधारमा दरवन्दी वितरण गर्ने प्रक्रिया थालनी गरिएको छ । आदर्श गाउँपालिकाका प्रत्येक विद्यालयलाई खेलकुद सामाग्री वितरण गरिनुका साथ साथै जिल्लास्तरिय राष्ट्रिपती रनिङ शिल्ड प्रतियोगितामा आदर्श गा.पा.तृतीय स्थान हासिल गर्न सफल भएको छ ।

गाउँपालिकामा विद्युत महशुल काउण्टर स्थापनाको चरणमा रहेको छ भने गाउँपालिका अन्तर्गत रहेका शाखाहरु र सम्पूर्ण वडाहरुमा इन्टरनेट तथा इन्भटर जडान गरि आधुनिक प्रविधिको विकासमा टेवा दिईएको छ । आदर्श गाउँपालिकाको प्रमुख समस्या रहदै आएको स्वच्छ खानेपानीको उपयोग गर्न गाउँपालिकाको पहलमा आदर्श बृहत खानेपानी कार्यको सर्वेक्षण भई संघीय खानेपानी कार्यालयबाट खानेपानी टेण्डर आव्हान भई निर्माणको क्रममा रहेको साथै वडा नं.६ को गिरिचौकामा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र गाउँपालिकाको संयुक्त साझेदारीमा सौर्य मिनिग्रेड सोलार प्रणालीद्वारा बिजुली बत्ति सञ्चालन समेत गरिएको छ । आदर्श गाउँपालिकाका सम्पूर्ण वडाहरुका गरिव,दलित,एकल महिलाहरुलाई कम्बल वितरण,बाव विवाह सम्बन्धी सचेतिकरण कार्यक्रम र महिला सशक्तिकरण कार्यक्रम सम्पन्न हुनुका साथै अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्ग परिचय कार्ड वितरण गरिएको छ। किशोरीहरुलाई पत्रकारिता तालिम,आत्मरक्षा सम्बन्धी तालिम एवं बालक्लवका पदाधिकारीहरुलाई नेतृत्व सिप विकास तालिम सञ्चालन तथा लैगिंक हिंसा सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न गरिएको छ । वडा नं.७ लाई बालमैत्री स्थानीय शासन घोषणा गर्ने अभियानमा गाउँपालिका रहेका छ। बाल अधिकार समिति गठन भई पालिकास्तरिय बाल उद्धार कोषको स्थापना भईसकेको र हिंसा,शोषण र विपद्मा परेका बालबालिकाहरुलाई बाल उद्धार कोषबाट राहत वितरण समेत भईरहेको छ । गाउँपालिकामा स्वास्थ्य सेवा सर्वसुलभ उपलब्ध गराउनको लागि एम.बि.बि.एस डाक्टरको



आदर्श गाउँपालिका गाउँपालिकाको कार्यालय मौवानगरदह, डोटी सुदूरपश्चिम प्रदेश नेपाल

CamScanner

नियुक्तिलाई निरन्तरता दिई MBBS डाक्टरबाट प्रत्येक वडाहरुमा जनरल शिविर सञ्चालन तथा मौवा स्वास्थ्य चौकीको प्रयोगशाला व्यवस्थापन,एक्सरे सेवा सञ्चालन समेत भएको व्यहोरा समेत जानकारी गराउन चाहान्छु ।

**(ग) पूर्वाधार बिकास क्षेत्र:** आदर्श गाउँपालिकाको बिकासमा पुर्वाधार बिकासका लागि बजेटको ठूलो हिस्सा यसै क्षेत्रमा बिनियोजन गरिएको छ । पूर्वाधार विकास अन्तर्गत आ.व.२०८०।०८१ भएको योजनाहरुको बजेट सहितको विवरण प्रस्तुत गर्न चाहान्छु ।

१) आदर्श गा.पा.वडा नं.२ मा ३० करोडको लागतमा १५ शैया अस्पताल निर्माण भैरहेको ।

२) आदर्श गा.पा.वडा नं.६ मा ७० लाखको लागतमा काँडा वबिना लिफ्टिङ्ग खानेपानी निर्माण योजना सम्पन्न भईसकेको ।

३) आदर्श गा.पा.वडा नं.३ मा ७० लाखको लागतमा नुवाकोट खानेपानी निर्माण योजना सम्पन्न भईसकेको ।

४) आदर्श गा.पा.वडा नं.६ मा ९७ लाखको लागतमा खतेडागाउँ खानेपानी निर्माण सेवा सञ्चालनमा रहेको ।

५) आदर्श गा.पा. वडा नं.२ र वडा नं.५ जोड्ने ३८ लाखको लागतमा मौवा लामिखाल सडक विस्तार गर्ने कार्य सञ्चालनमा रहेको ।

६) आदर्श गा.पा.वडा नं.२ र वडा नं.६ जोडने ३ करोडको लागतमा मौवा गिरिचौका सडक विस्तार गर्ने कार्य सञ्चालनमा रहेको ।

७) आदर्श गा.पा.वडा नं.४ मा रहेको ७० लाखको लागतमा स्वास्थ्यचौकी निर्माण गर्ने कार्य सञ्चालनमा रहेको ।

८) आदर्श गा.पा. वडा नं.५ मा रहेको २५ लाखको लागतमा तलारा सिंचाइ पोखरी निर्माण गर्ने कार्य सम्पन्न भईसकेको ।

९) आदर्श गा.पा.वडा नं.५ मा तलारा वर्थिङ्ग सेन्टर निर्माण कार्यको सञ्चालनमा रहेको ।

१०) आदर्श गा.पा. वडा नं.४ मा जलाधार संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालनमा रहेको ।

११) आदर्श गा.पा.वडा नं.५ मा रहेको लघुउद्यम भवन निर्माण भईसककेो ।

**(घ) बातावरण तथा बिपद् व्यबस्थापन:** गाउँपालिका तथा वडा स्तरमा विपत व्यवस्थापन समिति गठन भई विपद् कोषको व्यवस्था समेत गरिएको व्यहोरा जानकारी गराउन चाहान्छौं ।

**(ङ) संस्थागत बिकास, सेवा प्रवाह र सुशासन:** गाउँपालिकाको संस्थागत विकासको लागि सबै शाखा, एकाई, सहित सबै संग समन्वय बढाइएको छ । अनलाईन प्रणालीबाट व्यक्तिगत घटना दर्ता कार्यक्रम,सामाजिक सुरक्षा कार्यक्रमलाई अघि बढाईएको छ भने सुत्र प्रणालीबाट आर्थिक कारोवार तथा PAMS (पाम्स) बाट जिन्सी व्यवस्थापन गरिएको छ । साथै खरिद कार्य एकद्धार गर्न खरिद समितिले विद्युतिय खरिदलाई महत्व दिएको छ ।

**च) न्यायिक समिति:** प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि न्यायिक समितिले स्थानीय न्याय सम्पादनको काम गर्दै आइरहेको छ ।न्यायिक समितिको सचिवालयको स्थापना, न्याय सम्पादनका कार्यविधि/ ऐनहरुको प्रकाशन, ७ वटै वडाहरुमा मेलमिलाप केन्द्र गठन भई मेलमिलापकर्ताहरु सुचिकृत भइसकेका छन् । छुट्टै इजलासको व्यवस्था लगायतका कामहरु सम्पन्न भएका छन् ।न्यायिक समितिको अधिकार क्षेत्र भित्र पर्ने विवादको निरुपण स्थानीय तहबाटै हुने प्रणाली बसिसकेको छ ।मेलमिलापकर्ताहरुले अघिल्लो आ.व.२०७९।०८० मा मेलमिलाप सम्बन्धी ८ दिवसिय आधारभूत तालिम प्राप्त गरिसकेका र यस आ.व.मा



आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवानगरदह,डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३

CamScanner

मेलमिलापकर्ता पुनर्ताजकिय तालिम सञ्चालन भइरहेको छ साथै मेलमिलापको माध्यमबाट सबै उजूरी किनारा लगाईएको व्यहोरा समेत जानकारी गराउन चाहान्छु ।

**आदरणिय सभाध्यक्षज्यू,**

हाम्रो गाउँपालिकाको विकास सरकारी प्रयासले मात्र सम्भव नहुने कुरा हाम्रा सामु छर्लङ रहेको छ । बजेट खर्च तथा बजेट उपलब्ध गराउने कुरालाई हेर्दा करौडौं रुपैया सरकारी गैर सरकारी क्षेत्रबाट विनियोजित एवं खर्च भै नै रहेको छ तथापि यहाको भौतिक आर्थिक तथा मानबीय बिकासको स्थिति अन्यत्रका गाउँपालिकाको तुलनामा कमजोर रहेको देखिन्छ । उपभोक्ता समिति गाउँपालिका क्षेत्रका आयोजनाहरुको निर्माणमा आ-आफ्नो भुमिका निर्वाह गर्दै आएकोमा आयोजनाको गुणस्तरमा समेत ध्यान दिईरहेका छन । आयोजना निमार्ण कार्य पश्चात त्यसको दिगोपनाको लागि उपभोक्ता समितिको भुमिका प्रभावकारी हुन नसकेको यथार्थ हाम्रा सामु बिद्यमान रहेको छ भने गाउँका ठुला आयोजनाहरुको छनौट एवं कार्यान्वयन पनि प्रभावकारी नभएको कारण कमजोर गुणस्तरको काम एवं बजेट तथा कार्यक्रम अनुरुप कार्य हुन नसक्दा बिकासले समाजमा सकारात्मक परिवर्तन गरी सर्वसाधारणको जनजीवनमा उल्लेख्य प्रभाव पार्न सकेको छैन ।

गाउँपालिकालाई सभ्य, आर्कषण बनाउन भ्रष्टाचारलाई शुन्यतामा ल्याई अनियमितता र ढीलासुस्ती रहित सुबिधा सम्पन्न बनाउन राजनैतीक दल,उपभोक्ता समिति,नागरीक समाज,पत्रकार,महिला, दलित, अपाङ्ग, जनजाती बुद्धीजीवी, शिक्षक, समाजसेवी, कर्मचारी एंव गाउँबासी सबैको कर्तव्य हो । बिगतका राम्रा नराम्रा कुराको समीक्षा गदै आगामी दिनमा कसरी राम्रो गर्न सकिन्छ भनि केही लक्षित कार्यक्रम ,निति तथा योजना तर्जुमा गर्दै अगाडी बढ्नु पर्ने आवश्यकताका कारण आ.व.२०८१/०८२ मा गाउँसभाले केही लक्षित कार्यक्रम तथा नितीहरुलाई निम्नानुसार अगाडि सारेको छ ।

**क) आर्थिक बिकास** : गाउँपालिकामा रहेका कृषकहरुलाई आयआर्जनका कृयाकलापहरुवाट आत्म निर्भर वनाई रोजगार सृजना गर्ने कार्यलाई प्राथमिकता दिन आवश्यक भएको देखिएकोले बजार व्यवसाय, कृषि, पशुपालन, फलफुल, कुखुरापालन एवं पकेट क्षेत्र, सिप विकास तालिम, उन्नत सहकारी, सिंचाई र **एक गाउं एक उत्पादनको कार्यक्रमलाई** यस आ.व.मा निरन्तरता दिईएको छ । त्यसैले आर्थिक विकासको लागि आवश्यक पर्ने रकम विनियोजन गर्ने गरी निम्न वमोजिमका नीति अख्तियार गरिएको छ ।

- बाख्रापालनको पकेट क्षेत्रको अवधारणालाई अगाडी बढाई संघ संस्थाहरुसंगको साझेदारीमा नागरिकहरुलाई आत्मनिर्भरता तर्फ उन्मुख गराइने निति लिइएको छ ।
- कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशिलता प्रवर्द्वन गर्न मल,विउ,किटनासक औषधीको उपलव्धता,उत्पादित वस्तुको भण्डारण तथा प्रशोधन र बजार व्यवस्थामा सहजीकरण गर्न र सिंचाई सुविधा प्रवर्द्वन गरिने छ ।
- किसानको लागत मूल्य प्राप्तिको सुनिश्चितताको लागि कृषि तथा पशु बिमा कार्यकमलाई प्रोत्साहित गर्न कार्यक्रमगत व्यवस्था गरिने छ ।
- स्थानीय तहमा उत्पादन हुने नगदे तथा खाद्य बालीको पकेट क्षेत्र बनाएर आत्मनिर्भर बनाउन प्राथमिकता दिईनेछ ।
- स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्वन गर्न सीपमूलक तालिमको व्यवस्था गरि उत्पादित वस्तुहरुको बजारीकरणको सुनिश्चता प्रदान गर्न सहयोग पुग्ने गरि कार्यक्रमहरु ल्याइने छ ।



आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भीमानगरवह,डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३

CamScanner

- विदेशबाट फर्किएका तथा रोजगारीको खोजिमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अधावधिक गरि त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण,सेवा,व्यवसाय,उद्योग,कृषि लगायतका क्षेत्रका रोजगारदातासंग समन्वय गरि रोजगारी प्रदान गर्न सहजकिरणको व्यवस्था गरिने छ ।
- कृषि क्षेत्रमा विशेष आलु कार्यकम,मौरी पालन कार्यकम,प्लास्टिक घर निर्माण कार्यलाई प्राथमिकता दिईएको छ ।
- कृषक पाठशाला,प्राङ्गारिक मल व्यवस्थापन,घरवारी व्यवस्थापन,कृषि मेला पर्दशनी,रैथाने बाली व्यवस्थापन,मौरी पर्वद्धन,च्याउ खेती तथा साना सिंचाइ कार्यक्रमको माध्यमबाट आधुनिक कृषि प्रणालीको विकास गराईनेछ ।
- फलफुल खेती,तरकारी खेती र पशुपालन कार्यकमलाई लागत साझेदारीमा सञ्चालन गरिने छ ।
- कृषि क्षेत्रको विकास गरि किसानहरुलाई आत्मनिर्भर वनाउन वडा नं.१ को चाँसीलाई तरकारी खेती,वडा नं.३ को काँडीलाई भटमास खेती र वडा नं.६ को गिरिचौकालाई मकै खेतीको पकेट एरियाको रुपमा घोषणा गरिने छ ।
- स्थानीयस्तरमा रोजगारी अभिबृद्धि गर्न अन्य सरकारी तथा गैरसरकारी निकायहरु संगको साझेदारीमा विभिन्न किसिमका सीपमुलक तालीम कार्यकम सञ्चालन गरिने भएको छ ।
- पर्यटन विकासलाई अघि बढाउन आबश्यक पुर्वाधार विकास बढाइने कार्यकम रहेको छ ।
- गाउँपालिकाको आन्तरीक स्रोत अभिवृद्धिका लागी करका नयाँ स्रोतहरुको पहिचान गरी राजस्व अभिबृद्धि गर्नका लागी थप अध्ययन गर्नुका साथै कर संकलनका लागी यस गाउँपालिकासंग सम्बन्धित संघ संस्थाहरु संग सहकार्य तथा राजस्व साझेदारीको निती अवलम्वन गरिने भएको छ ।
- सम्वन्धित निकाएको सहयोग तथा सहकार्य सहित वजार अनुगमन गर्ने व्यवस्था मिलाइने भएको छ ।
- यूवा वेरोजगारलाई काम गर्न गाउँपालिकाका सम्भावित क्षेत्रमा पशुपालन, बाखा पालन,वंगुरपालन तथा फलफुल कार्यकम सञ्चालन गर्न किसानलाई प्रोत्साहित गरिने भएको छ ।
- पशु स्वास्थ्य शिविर,कृतिम गर्भाधान,घास विकास कार्यक्रम तथा अगुवा कृषक तालिम एवं अध्यन अवलोकन भ्रमणको आयोजना गरि जनताको जिवनस्तरमा सुधार ल्याईने छ ।
- जनताको जिवनस्तर उकास्नको लागि विभिन्न आयमूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- सामुदायिक वनका सदस्यहरुमा उद्यमशिलता विकास गर्नका लागि इलाका वन कार्यालय संग समन्वय गरि एक वन एक उत्पादन कार्यक्रम सञ्चालन गरिने छ ।
- कृषि पूर्वाधार विकास कार्यकमहरु लागत साझेदारीमा सञ्चालन गरिने छ ।
- व्यवसायमूलक उत्पादनका कार्यकमहरुलाई प्राथमिकता दिई दलित,पिछडिएको वर्ग महिलालाई सशक्तिकरण गराई आय आर्जनका कियाकलापहरु अघि बढाईने छ ।
- उन्नत जातको पशु व्यवसाय सञ्चालनमा ल्याउन आवश्यक सामाग्री खरिद भईसकेको हुँदा कृतिम गर्भाधान प्रकिया लागु गरिने छ ।

आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवानगरवह,डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३



CamScanner

- कृषि तथ्याङ्क व्यवस्थापन र कृषकहरु सूचिकरण तथा दर्ता कार्यक्रमलाई व्यवस्थित गरिने छ ।
- कृषि कार्यमा आमूल परिवर्तन ल्याउनको लागि कृषि क्षेत्रमा लागेका उत्कृष्ट कृषक तथा कृषि कर्मचारीहरुलाई पुरस्कृत तथा सम्मान गरिने छ ।
- भिरालो जमिनको संरक्षण गर्न गरा सुधार कार्यक्रम तथा खेतीयोग्य जमिनलाई उर्वरायुक्त बनाउनको लागि माटो परीक्षण कार्यक्रम अवलम्बन गरि एकिकृत वाली विकासको योजना अघि बढाईने छ ।
- नदि तथा खोलाबाट निकास हुने ढंगा,गिट्टी र बालुवाको श्रोत पहिचान गरि राजस्वको दायरा भित्र ल्याईने छ ।
- सिंचाइको आवश्यक व्यवस्था गरेर कृषि उत्पादनद्धारा आर्थिक विकास गर्न एक वडा एक उत्पादन कार्यक्रम गरिने छ ।

**ख) सामाजिक बिकास** :सामाजिक विकास चेतना, शिक्षा, समावेशी विकास जस्ता कुराहरुलाई पनि प्राथमिकता दिन आवश्यक कुरा भएको महसुस गरी उक्त क्षेत्रको विकासका लागि एथोचित वजेट विनियोजन गरी निम्नासारका नीतिहरुलाई प्राथमिकता दिइने भएको छ ।

- गाउँपालिकामा बालमैत्री स्थानीय शासनलाई प्रभावकारी किसिमले लागु गर्न बालमैत्री सम्बन्धी कार्यक्रम संचालन गरिने र सम्पुर्ण पक्षको सहयोगमा यसै आ.व.भित्र वडा नं.७ वडा नं.१ र वडा नं.२ लाई बालमैत्री स्थानीय शासन घोषणा गरिने छ ।
- योजनाको तर्जुमा गर्दा सहभागितामूलक प्रक्रियाबाट योजना तर्जुमा अवलम्वन गरिने छ ।
- आदर्श गाउँपालिकामा रहेको खानेपानीको समस्यालाई समाधान गर्न वृहत खानेपानीको योजना स्वीकृत भईसकेको हुँदा कार्यान्वयन पक्षलाई अघि वढाउन पहल गरिने छ ।
- वृद्ध वृद्धा तथा अशक्तहरुलाई होम स्वास्थ्यको माध्यमबाट चेकजाँच गरिने कार्यलाई निरन्तरता दिईनेछ ।
- विद्यालयहरुमा अध्यनरत विद्यार्थीहरुको अनुपातमा शिक्षक दरवन्दीको सृजना गरिने छ ।
- स्वास्थ्य नै धन हो भन्ने कुरालाई आत्मसात गरि विशेषज्ञ सेवा,ईसिजि सेवा तथा आँखा शिविर सेवा सञ्चालन कार्यलाई निरन्तरता दिईने छ ।
- कृषि क्षेत्रमा आमूल सुधार गर्नको लागि कृषि विशेषज्ञहरुको राय परामर्शमा खाद्यान्न तथा नगदे वाली उत्पादनमा विशेष प्राथमिकता दिईने छ ।
- गाउँपालिका अन्तरगत रहेका बाझो जग्गाहरुमा कपास खेती सहित परिवेश सुहाउदो नगदे वाली तथा फलफुल उत्पादन कार्यको विकास गरि बाझो जमिन राख्ने प्रवृतीको अन्त्य गरिने छ ।
- गाउँपालिका भित्र एक घर एक करेसाबारीको अवधारणालाई अवलम्बन गरिने छ ।
- स्थानीय कच्चा पदार्थ,सिप र प्रविधिको प्रयोगद्वारा रोजगारी सृजना कार्यक्रमहरुलाई प्राथमिकता दिइने छ ।
- गाउँपालीकाबाट निर्माण गरिने विकासका हरेक क्षेत्रमा बालमैत्री,अपाङ्गमैत्री र भुकुम्प प्रतिरोधात्मक संरचना निमार्ण गरिने छ ।
- अस्पताल,स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाईबाट प्रदान गरिने खोप सेवा,सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य,पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधी,उपकरण तथा स्वास्थ्य सामाग्रीहरुको उचित व्यवस्थापन गरिने छ ।



आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवानगरदह,डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३

- खोप सेवा,सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य,पोषण जस्ता जनस्वास्थ्यसंग सम्बन्धित आधारभुत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गरिने छ ।
- सार्वजनिक तथा सामुदायिक विद्यालयको मर्मत सुधार ,फर्निचर तथा भौतिक विकास सम्बन्धी कार्यक्रममा सहयोग पुऱ्याउदै यस्ता कार्यक्रम संचालन गर्दा नेपाल सरकारले तोकेको मापदण्डलाई पुर्णरुपमा पालना गर्न उत्प्रेरित गरिने छ ।
- गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई परिचालन गरी मातृशिशु स्वास्थ्य एवं सुनौला हजार दिनका आमा र शिशूको स्वास्थ्यलाई ध्यान दिने निति अगाढि बढाइने छ ।
- स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार ल्यावको व्यवस्था गरिएको र फार्मेसी सेवाको व्यवस्थाको लागि आवश्यक पहल गरिने छ ।
- अध्यक्षसंग जेष्ठ नागरिक कार्यक्रम अन्तर्गत दीर्घरोगी र जेष्ठ नागरिकहरुलाई आवश्य पर्ने सेवाहरु घरमै गएर सेवा प्रदान गरिनछ र मोतिबिन्दू भएका व्यक्तिहरुलाई गेटा आँखा अस्पतालसंग समन्वय गरि आँखा शिविर कार्यक्रम सञ्चालन गरिने छ ।
- व्यवसायमूलक शिक्षाको अवधारणा आजको आवश्यकतालाई आत्मसात गरि प्राविधिक शिक्षालयको स्थापना गरिने छ ।
- गाउँपालिकाबाट सबै बर्थिङ सेन्टरमा काम गर्ने अ.न.मि.हरुलाई SBA तालिम उपलब्ध गराई शूरक्षित प्रशुती सेवा दिइने छ र उक्त तालिम लिए पश्चात कम्तिमा ३ वर्ष सम्बन्धीत स्वास्थ्य संस्थामा अ.न.मि.हरुले अनिवार्य काम गर्नु पर्ने कवुलियतनामा पेश गर्नु पर्ने प्रक्रियालाई अघि वढाईने छ ।
- डेन्टल सम्वन्धी कार्यक्रम सञ्चालन गरिने छ ।
- शिक्षाको स्तरोन्नतीका लागि पालिकास्तरिय गाउँपालिकाका सबै सामुदायिक विद्यालयहरुका प्र.अ.संग कार्य सम्पादन समझौता गरिने छ ।
- विद्यालयस्तरका परीक्षालाई मर्यादित र विश्वसनिय र शैक्षिकस्तर वृद्धिका लागि अन्तरविद्यालय परीक्षा सञ्चालन गरिने छ ।
- वाल विकास केन्द्रहरुलाई आवश्यकता अनुसार आधारभूत सुविधा उपलव्ध गराईने छ ।
- स्वास्थ्य संस्थामा निशुल्क गर्भपतन सेवा सञ्चालन तथा घरघरमा पानी शुद्धिकरण गर्नको लागि पियुष कार्यक्रम सुरुवात गरिने छ ।
- स्वास्थ्य क्षेत्रमा रहेका निजि क्लिनिक ,पोलिक्लिनिकहरुलाई व्यवस्थित र दर्ताको प्रकियामा ल्याइने छ ।
- स्वास्थ्य कार्यक्रम अन्तर्गत आमा सुरक्षा कार्यक्रममा दिदै आएको यातायात र उत्प्रेणा भत्ता कायम गर्ने निति रहेको छ ।
- गाउँपालिकालाई प्लास्टिक मुक्त गाउँपालिका बनाउनको लागि लघु उद्यम शाखाको समन्वयमा प्लास्टिक रहित झोला निर्माण गर्ने कार्यको लागि आवश्यक सामाग्री खरिद भईसकेको हुँदा तालिम सञ्चालन गर्नको लागि आवश्यक पहल गरिने छ ।
- दीर्घरोगीहरु (क्यान्सर,मृगौला,मुटु रोगी) लाई आर्थिक सहयोग उपलव्धको कार्यलाई निरन्तरता दिईने छ ।
- गा.पा.ले प्राविधिक शिक्षा अध्यन गर्ने विद्यार्थीहरुलाई सहयोग गरे वापत गाउँपालिकामा कम्तिमा छ महिना अनिवार्य सेवा गर्ने कवुलियतनामा गराइने छ ।



आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शीबानगरदह,डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३

- गाउँपालिका अन्तरगत रहेका ऐतिहासिक,धार्मिक तथा पर्यटकिय स्थलहरुको पहिचान गर्नको लागि आवश्यक पहल गरिने छ ।
- कोल्ड स्टोरेजको लागि सम्भ्यावता अध्यनको कार्यलाई अघि बढाईने छ ।
- निजि रुपमा सञ्चालित मेडिकलबाट दिईने स्वास्थ्य सेवालाई निरुत्साहित गरि सरकारी स्वास्थ्य संस्थाबाट उपलब्ध गराईने सेवालाई प्राथमिकताको निति अवलम्वन गरिने छ ।
- खेलकुद बिकासका लागी खेलकुदसंग सम्वन्धित संघ संस्थाहरु संगको समन्वय र सहकार्यमा गाउँपालिका स्तरीय खेलकुद प्रतीयोगिता संचालन गर्न खेलकुद मैदान निर्माण गरिनेछ । साथै खेलकुद बिकासका कार्यकमहरु संचालनका लागि गाउँपालिकाको केन्द्र बिन्दुमा पालिकास्तरिय खेलकुदका कार्यक्रमलाई अगाढि बढाईनको लागि खलकुद रंगशाला निर्माण गरिने छ ।
- बिपन्न र पछाडी पारीएका व्यक्तिहरुका लागी आय आर्जन सम्बन्धी सीपमुलक कार्यकम (गारमेन्ट, होजीयारी) उद्यमशीलता विकास गर्ने कार्यक्रम सहित एक वडा एक उद्यमशीलता दूध उत्पादन, तरकारी फलफुल र नगदेबाली पकेट क्षेत्र कार्यक्रम संचालन गरिने छ ।
- महिला,दलित,अपाङ्ग तथा विपन्न बर्गहरुलाई हरेक क्षेत्रमा सहभागीताका लागी विभिन्न सशक्तिकरण कार्यकमहरु सञ्चालन गरिने छ ।
- स्थानीय स्तरमा आय आर्जनमूलक घरेलु साना उद्योग (आफर,सिलाइ) लाई प्रोत्साहन दिनको लागि आवश्यक सहयोग उपलव्ध गराइने छ । साथै चप्फल जुत्ता काराखानामा उत्पादित चप्पल जुत्ताको वजारीकरणको सुनिश्चतता गरिने छ ।
- यस आदर्श गाउँपालिकालाई आगामि समयमा कुपोषण मूक्त गरी पोषण यूक्त गाउँ बनाउन स्वास्थ्य,शिक्षा,कृषि,पशुसेवा,खानेपानी तथा सरसफाई महिला तथा बालबालिका र संस्थागत सुशासनको क्षेत्रमा वहुक्षेत्रीय पोषण योजनालाई उच्च प्राथमीकता दिई कार्यान्वयनमा ल्याइने छ ।
- गाउँपालिका क्षेत्र भित्रका ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरु र धार्मिक क्षेत्रहरुको संरक्षण तथा बिकासमा जोड दिईने छ ।
- आदर्श गाउँपालिका अन्तर्गत माध्यमिक विद्यालयमा अध्यनरत छात्राहरुलाई बलात्कारजन्य घटनाबाट वच्न आत्मरक्षा सम्बन्धी अतिरिक्त कक्षालाई निरन्तरता दिईने छ ।
- कृषि क्षेत्रको विकास गर्न आदर्श गाउँपालिका अन्तर्गत रहेका घोषित पकेट एरिया र अन्य क्षेत्रहरुमा आवश्यकता अनुसार माटो परिक्षण गरिने प्रक्रियालाई अघि बढाईने छ ।
- प्र.अ.विद्यालय व्यवस्थापन समितिलाई विभिन्न विज्ञहरुसंग परामर्शको माध्यमबाट पठन पाठनमा क्षमता अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- अनिवार्य विद्यालय भर्ना अभियान एवं व्यक्तिगत घटना दर्ता कार्यकमलाई वडामा अभियानको रुपमा संचालन गरिने छ । जातीय छुवाछुत लगायत भेदभाव उन्मुलन गर्ने किसिमका अभियानमूलक कार्यकमहरु सञ्चालन गर्ने निति लिईएको छ ।
- विगतमा भईरहेका कार्यहरु र अनुउत्पादक क्षेत्रको लगानीलाई कटौती गरि कृषि,गैह्रकृषि लगायत उत्पादनमूलक कार्यमा लगानी वृद्वि गरिने छ ।
- नागरिकहरुलाई नैतिकवान एवं चरित्रवान बनाउनको लागि आवश्यक संस्कारयुक्त शिक्षालाई जोड दिईने छ ।
- समाजमा विद्यमान रहेका कुरिती छाउपडी प्रथा,बालविवाह, छुवाछुत, घरेलु हिंसा,जातिय विभेद तथा वालदुर्व्यवहार जस्ता कुरालाई निरुत्साहित गर्नका लागि विगतका अभियानमूलक कार्यको निरन्तरता संगै साझा अभियानमुलक कार्यकम तर्जुमा गरिने छ ।

आदर्श गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मौवानगरदह,डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७४

- गाउँपालिका क्षेत्रमा रहेको विद्यार्थी संख्या न्युन रहेको विद्यालयहरुलाइ आवश्यकता अनुसार समायोजन गरी विद्यालयको संख्या घटाई गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न अंग्रेजी माध्यमको पढाई हुने कार्यलाई प्राथमिकता दिईने छ।
- SEE र कक्षा १२ उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई पुरस्कृत गरिनुका साथै अध्यन गरेको विद्यालयलाई पनि सम्मान गरिने छ।
- आदर्श गाउँपालिका भित्र बसोबास भएका बेरोजगार जनशक्तिलाई भारत तथा अन्य वाह्य मुलूक जान रोक्नको लागि गरिबसंग गाउँपालिका स्वरोजगार कार्यक्रम लागु गरि स्वदेशमै बसेर कृषि,निर्माण तथा उत्पादनमुलक क्षेत्रमा आवश्यकता र सीपका आधारमा स्वरोजगार बन्न प्रेरित गराईने छ।
- आदर्श गाउँपालिका भित्र बसोबास भएका विपन्न गरिव,विपन्न महिला,पिछडिएको वर्गहरुका जेहन्दार विद्यार्थीहरुले प्राविधिक विषय,पाइलट,डाक्टर (चिकित्सासास्त्र).अध्यन गर्न चाहेको खण्डमा आवश्यक मापदण्डको आधारमा गाउँपालिकाबाट सहयोगको नितिलाई निरन्तरता दिईने छ।
- महिलाहरुको जिवनस्तरमा सुधार गर्न उपाध्यक्ष संग महिला सशक्तिकरण कार्यक्रमलाई निरन्तरता दिईने छ।
- आवश्यक मापदण्ड अनुसार आदर्श गाउँपालिका अन्तरगतका रहेका एउटा वडामा एक विद्यालयलाई नमुना विद्यालय बनाई विद्यालयका प्र.अ. तथा व्यवस्थापन समितिका पदाधिकारीहरुलाई क्षमता अभिवृद्धि तालिम उपलव्ध गराईने छ।
- किसानले उत्पादित गरेका वस्तुहरुको वजारिकरणको व्यवस्थापन गर्न गाउँपालिकाबाट टयाक्टरको व्यवस्थापन गरिने छ साथै टयाक्टरको ढुवानीमा लाग्ने इन्धन खर्च सम्बन्धीत किसानले उपलव्ध गराउनु पर्ने छ।
- स्वच्छ हराभरा वातावरण व्यवस्थापनका लागि वनजंगल कटानी फडानी तथा आगलागि पूर्णरुपमा नियन्त्रण गर्न आवश्यक सचेतनमूलक कार्यहरु अघि वढाईने छ ,
- स्थानीय कच्चा पदार्थबाट अचार तथा खाद्येवस्तु उत्पादन सम्बन्धि तालिम सञ्चालन गरिने छ।
- सम्पूर्ण वडा कार्यालय जोडने गरि सडकको स्तरोन्नती निर्माण कार्यलाई अघि बढाईने छ।
- गाउँपालिका भित्र हुने गरेका छाडा चौपायाहरुलाई नियन्त्रण गर्न आवश्यक पहल गरिनेछ।
- गाउँपालिका अन्तर्गत प्रत्येक वर्ष नमुना गाउँको अवधारणालाई जोड दिईने छ।
- गाउँपालिका भित्रका स्थानीय बासिन्दाद्धारा निर्माण गरिने आवासिय घरहरुलाई पालिकामा नक्सा पास गरि भुकुम्प प्रतिरोधी घर बनाउनको लागि आवश्यक कार्यविधि निर्माण गरि आर्थिक सहयोग गरिने छ
- ।

(ग) **पुर्वाधार बिकास** :गाउँपालिकाका प्रमुख पूर्वाधार विकासका लागि आवश्यकता अनुरुप बजेट बिनियोजन गरिएको छ। अधूरा आयोजनाको निरन्तरता र नयां आवश्यक पुर्वाधार निर्माणलाई प्राथमिकता दिइएको छ।

- :गाउँपालिका क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागी आवश्यक समपुरक कोष,मर्मत सम्भार कोष तथा आकस्मिक मर्मत/निर्माण कोषको व्यवस्थापन गरि पुर्वाधारको स्तर बृद्धिका लागि वजेटको व्यवस्था तथा सडकहरुको स्तरोन्नती गर्दै लगिने कार्यकमलाई निरन्तता दिईने छ।
- गौरवका योजनाहरु मागको लागि संघ तथा प्रदेश मार्फत अनुरोध गरिने छ र डिपिआर अनुसारको योजनाको कार्यलाई अघि बढाई दिगो विकासको लक्ष्यलाई अवलम्बन गरि योजना निर्माणमा विशेष ध्यान दिईने छ।



CamScanner

- गाउँपालिका क्षेत्रमा रहेको विद्यार्थी संख्या न्युन रहेको विद्यालयहरुलाइ आवश्यकता अनुसार समायोजन गरी विद्यालयको संख्या घटाई गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न अंग्रेजी माध्यमको पढाई हुने कार्यलाई प्राथमिकता दिईने छ ।
- SEE र कक्षा १२ उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई पुरस्कृत गरिनुका साथै अध्यन गरेको विद्यालयलाई पनि सम्मान गरिने छ ।
- आदर्श गाउँपालिका भित्र बसोबास भएका बेरोजगार जनशक्तिलाई भारत तथा अन्य वाह्य मुलूक जान रोक्नको लागि गरिबसंग गाउँपालिका स्वरोजगार कार्यक्रम लागु गरि स्वदेशमै बसेर कृषि,निर्माण तथा उत्पादनमुलक क्षेत्रमा आवश्यकता र सीपका आधारमा स्वरोजगार बन्न प्रेरित गराईने छ ।
- आदर्श गाउँपालिका भित्र बसोबास भएका विपन्न गरिब,विपन्न महिला,पिछडिएको वर्गहरुका जेहन्दार विद्यार्थीहरुले प्राविधिक विषय,पाइलट,डाक्टर (चिकित्सासास्त्र),अध्यन गर्न चाहेको खण्डमा आवश्यक मापदण्डको आधारमा गाउँपालिकाबाट सहयोगको नितिलाई निरन्तरता दिईने छ ।
- महिलाहरुको जिवनस्तरमा सुधार गर्न उपाध्यक्ष संग महिला सशक्तिकरण कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- आवश्यक मापदण्ड अनुसार आदर्श गाउँपालिका अन्तरगतका रहेका एउटा वडामा एक विद्यालयलाई नमुना विद्यालय बनाई विद्यालयका प्र.अ. तथा व्यवस्थापन समितिका पदाधिकारीहरुलाई क्षमता अभिवृद्धि तालिम उपलब्ध गराईने छ ।
- किसानले उत्पादित गरेका वस्तुहरुको बजारिकरणको व्यवस्थापन गर्न गाउँपालिकाबाट टयाक्टरको व्यवस्थापन गरिने छ साथै टयाक्टरको ढुवानीमा लाग्ने इन्धन खर्च सम्बन्धीत किसानले उपलब्ध गराउनु पर्ने छ ।
- स्वच्छ हराभरा वातावरण व्यवस्थापनका लागि वनजंगल कटानी फडानी तथा आगलागि पूर्णरुपमा नियन्त्रण गर्न आवश्यक सचेतनमूलक कार्यहरु अघि बढाईने छ ,
- स्थानीय कच्चा पदार्थबाट अचार तथा खाद्येवस्तु उत्पादन सम्बन्धि तालिम सञ्चालन गरिने छ ।
- सम्पूर्ण वडा कार्यालय जोडने गरि सडकको स्तरोन्नती निर्माण कार्यलाई अघि बढाईने छ ।
- गाउँपालिका भित्र हुने गरेका छाडा चौपायाहरुलाई नियन्त्रण गर्न आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका अन्तर्गत प्रत्येक वर्ष नमुना गाउँको अवधारणालाई जोड दिईने छ ।
- गाउँपालिका भित्रका स्थानीय बासिन्दाद्धारा निर्माण गरिने आवासिय घरहरुलाई पालिकामा नक्सा पास गरि भुकुम्प प्रतिरोधी घर बनाउनको लागि आवश्यक कार्यविधि निर्माण गरि आर्थिक सहयोग गरिने छ
- ।

(ग) **पुर्वाधार बिकास :**गाउँपालिकाका प्रमुख पूर्वाधार विकासका लागि आवश्यकता अनुरुप बजेट बिनियोजन गरिएको छ। अधूरा आयोजनाको निरन्तरता र नयां आबश्यक पुर्वाधार निर्माणलाई प्राथमिकता दिइएको छ ।

- :गाउँपालिका क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागी आवश्यक समपुरक कोष,मर्मत सम्भार कोष तथा आकस्मिक मर्मत/निर्माण कोषको व्यवस्थापन गरि पुर्वाधारको स्तर बृद्धिका लागि वजेटको व्यवस्था तथा सडकहरुको स्तरोन्नती गर्दै लगिने कार्यकमलाई निरन्तता दिईने छ ।
- गौरवका योजनाहरु मागको लागि संघ तथा प्रदेश मार्फत अनुरोध गरिने छ र डिपिआर अनुसारको योजनाको कार्यलाई अघि बढाई दिगो विकासको लक्ष्यलाई अवलम्बन गरि योजना निर्माणमा विशेष ध्यान दिईने छ ।



आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवानगरदह,डोटी सुदुरपश्चिम प्रदेश नेपाल २०७३

CamScanner

- गाउँपालिका अन्तरगत भुक्षय नुहुने किसिमले सडक निर्माण कार्यमा जोड दिईने छ तथा वायो इन्जिनियरिङ्ग गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।
- तोकेको मापदण्ड बमोजिम भूकुम्प प्रतिरोधात्मक घर निर्माण गर्नेलाई गाउँसभाबाट सम्मान तथा पुरस्कृत गराईने छ ।
- गाउँपालिका भित्रका बिजुली बत्ति नपुगेका गिरिचौका र नपुगेका अन्य गाउं बस्तिलाई विजुली वत्ति पुगाउन उच्च प्राथमिकता दिइने छ ।
- बिषेशत ठूला पूर्वाधार योजनाहरु प्रदेश सरकार संघीय सरकारको आर्थिक सहयोगमा साझेदारी निति अपनाई अगाढि बढाईने छ ।
- आकस्मिक रुपका गरिने कार्यकमहरुको लागि प्रकिया बमोजिम आकस्मिक कोषको व्यवस्था गरिने छ ।
- योजनाहरु छनौट गर्दा लागत अनुमानको आधारमा छनौट गरिने र योजनाको मर्मत सम्भारको जिम्मा उपभोक्ता समितिलाई दिने निति अवलम्वन गरिनेछ ।
- आदर्श गा.पा. वडा नं.७ र वडा नं.६ को विचमा पर्ने साइलीगाडमा पक्की पुल र वडा नं.६ अन्तर्गत पर्ने वैतडी र बबिना जोडने झोलुङ्गे पुल निर्माणका लागि सम्वन्धीत निकायमा पहल गरिने छ ।
- विभिन्न संघसंस्थाहरुको समन्वयमा उर्जा सम्वन्धीका योजना तथा कार्यक्रहरु निर्माण यथोचित बजेट विनियोजन गरिने छ ।

ग. **घर नक्सा पास :**

- गाउँपालिकामा सरकारी, गैरसरकारी, भवन निर्माण गर्दा नक्सा पास गर्ने प्रणालीलाई निरन्तर अवलम्बन गरिनेछ ।
- निर्माणको कममा रहेको वा अब नयां वन्ने भवनहरुलाई **"एकघर पाँच बिरुवा"**को नीती अवलम्वन गरिनेछ ।
- गाउँपालिकाको क्षेत्र भित्र अब वन्ने प्रत्येक सार्वजनिक तथा सरकारी भवनलाई अपाङ्ग मैत्री र वाल मैत्री वनाउन प्रोत्साहन गरिनेछ ।
- पुराना घरहरुको अभिलेखिकरण तथा नया घर दर्ता गर्ने प्रकृयालाई लागु गरिनेछ ।
- भूकुम्प प्रतिरोधात्मक घर निर्माण गर्ने व्यक्तिहरुलाई प्रोत्साहन गरिने छ ।
- गाउँपालिका क्षेत्र भित्र घर निर्माण गर्दा गाउँपालिका संग अनुमती लिएर मात्र निर्माणको प्रक्रिया अगाढि वढाउनु पर्ने अन्यथा पालिका वाट पाउने सेवा सुविधा कटौती गरिने छ ।

(घ) **वन,वातावरण तथा विपद व्यवस्थापन** :विपद् रोकथाम तथा न्यूनिकरणको लागि पूर्व तयारी,प्रतिकार्य र पुनर्लाभका कार्यक्रमहरु सञ्चालन गर्न स्थानीय विपद् कोषमा आवश्यक वजेटको व्यबस्था गरिने छ । विपद व्यबस्थापनका लागि थप आवश्यक कार्य समेत गरिने भएको छ ।

- गाउँपालिका क्षेत्र भित्रका मुख्य सडकहरुको दायां वायां हरियाली एवं सौन्दर्य बढाउन बृक्षारोपण एवं संरक्षणका कार्यक्रमहरु अगाडि बढाईने छ ।
- वैज्ञानिक पद्वतीवाट वन जंगलको संरक्षण तथा सुकेका पानीका मुहानहरु पुर्नजिवित गर्नको लागि प्राकृतिक श्रोत संरक्षण तथा जलाधार व्यवस्थापन कार्यलाई प्राथमिकता दिईनेछ र केहि विशेष क्षेत्रलाई छनौट गरि जलाधार संरक्षण क्षेत्र नमुनाको रुपमा अगाढि बढाइने छ ।
- सरकारी वन र सामुदायिक वन संरक्षण गर्ने निति अवलम्बन गरिने छ ।



CamScanner

- आगामी आ.व. देखि आदर्श गाउँपालिका अन्तर्गत जंगल मासेर वा प्रति जग्गा अतिक्रमण गरेर घर टहरा निर्माण गर्ने क्रियाकलापलाई निरुत्साहित गरिने छ।
- पूर्वाधार विकासका कियाकलापहरु सञ्चालन गर्दा विपद जोखिम संवेदनशिलतालाई केन्द्रबिन्दूमा राखि कार्यान्वयन सघाउ पुग्ने गरि डिजाइन तथा इष्टिमेट गर्ने व्यवस्था मिलाइने छ।
- गाउँपालिका क्षेत्रलाई खुला दिशा मुक्त गरिसकेको र गाउँपालिकाका अधिकांस घरमा पूर्ण सरसफाई प्रवद्धर्न गर्नका लागी सरसफाई कार्ड बितरण गरि पुर्ण सरसफाई अभियानलाई निरन्तरता दिईने छ ।
- सडक अतिकमण गरी निर्माण गरेका घर, टहराहरु हटाउनका लागी सडक सिमानाको पुन:निर्धारण गरि हटाउने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईने छ।
- वन जंगलको संरक्षण तथा सम्वर्द्धन गर्नको लागि वन कार्यालय संग आवश्यक समन्वय गरिने छ।

**ङ) न्यायिक समिति:**

१ न्यायिक समितिबाट मुद्दा मामिलाहरुको सुनुवाई, सहजिकरण, फैसला गर्ने कार्य नियमित रुपमा गरिनेछ । न्यायिक समितिका सवै गतिविधिहरुलाई डिजिटाइजेसन गरि अभिलेख राखिनेछ । वडास्तरमा मेलमिलापकर्ता मार्फत विवाद सहजिकरण गरिनेछ ।

२ न्यायिक समितिलाई थप क्रियाशिल बनाई प्रभावकारी बनाउन सचेतनामुलक कार्यक्रमहरु संचालन गर्नुका साथै कानूनी सल्लाहकारको प्रभावकारी परिचालन गरिनेछ ।

३ सामुदायिक मेलमिलाप केन्द्रलाई व्यवस्थित वनाउँदै सवै वडा कार्यालयहरुमा स्थापना भै संचालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नति गरि विवाद निरुपण कार्यलाई थप प्रभावकारी वनाइनेछ।

४ सामुदायिक मेलमिलापकर्ताहरुलाई प्रोत्साहनको व्यवस्था मिलाईनेछ ।

५ न्यायिक समितिवाट निर्णय/मेलमिलाप भएका विवादहरुको कार्यान्वयन कडाईका साथ गर्न आवश्यक ऐन निर्माण गरि लागु गरिनेछ ।

६ विवाद समाधानका वैकल्पिक उपाय एवं मेलमिलाप सम्वन्धी विद्यमान प्रक्रियालाई थप स्पष्टता साथ अगाडी वढाइनेछ ।

७ मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

८ गाउँपालिकाद्वारा जारी गरिएको न्यायिक समिति कार्यविधि, ऐन, कानुनहरुको आवश्यकता अनुसार संसोधन, परिमार्जन तथा एकीकरण गरिनेछ।

९ न्यायिक निरुपणमा संलग्न सामुदायिक मेलमिलापकर्ताहरुको आवश्यकता अनुसार गठन पुर्नगठन गरी जनप्रतिनिधि, कर्मचारी र मेलमिलापकर्ताको सहजिकरणको लागि अन्तरक्रिया प्रशिक्षण जस्ता कार्यक्रमहरु संचालन गरि जनस्तरमा न्यायिक सचेतनाको कार्यक्रम संचालन गरिनेछ ।

**च) महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा :**

१. गाउँपालिका भित्र रहेका सामाजिक भेदभाव, छुवाछुत, सामाजिक कुरिती, अन्धविश्वास, लैङ्गियक तथा जातीय विभेद र हिंसाका घटनाहरु न्यूनिकरणको बहस, पैरवी तथा चेतनामुलक अभियान सम्बन्धी कार्यक्रम गाउँपालिका तथा वडास्तरमा समेत संचालन गरिनेछ ।

२. गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणाका लागि आवश्यक पूर्व तयारीका कार्यक्रमहरु संचालन गरिनेछ र विशेष गरि वडा नं.७,१ र २ लाई वडास्तरिय बालमैत्री घोषणा कार्यक्रम यसै आ.व.मा गर्नको लागि पहल गरिने छ। बाल विवाह र बहुविवाहलाई निरुत्साहित गर्न विभिन्न किसिमका अभियान एवं चेतनामुलक कार्यक्रम संचालन गरिनेछ

३. गाउँपालिका भित्रका बालबालिकाहरुको क्षमता अभिवृद्धि गर्नको लागि सम्बद्ध सामुदायिक रेडियो तथा पत्रकार महासंघसँग समन्वय गरी बाल पत्रकारीता तालिम संचालन गरिनेछ ।

४. किशोरीहरुलाई प्रजनन शिक्षाको बारेमा अभिमुखिकरण कार्यक्रम तथा आत्म रक्षा तालिम सञ्चालन गरिनेछ ।

५. बालविवाहको रोकथाम तथा अन्त्यको लागि बालबालिका लक्षित सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

६. गाउँपालिका भित्र अनाथ बालबालिका, शारीरिक अपाङ्गता, बौद्धिक अपाङ्गता, मानसिक सन्तुलन गुमाएका तथा वृद्ध वृद्धाको उचित व्यवस्थापन तथा स्याहारको लागि राहत रकम उपलब्ध गराउने, आवश्यक सेवा केन्द्र सञ्चालन गर्न संघ संस्थासँग समन्वय तथा सहयोग गर्ने नितिलाई निरन्तरता दिइनेछ ।

७. जोखिममा परेका बालबालिकालाई उद्धार तथा सहयोगको लागि आपतकालिन बाल कल्याण कोषलाई निरन्तरता दिईनेछ ।

८. अपाङ्गता भएका व्यक्तिहरुको तथ्यांक अद्यावधिक गरी अपाङ्ग सहायक सामाग्री वितरण गरिनेछ । साथै उनीहरुको जिविकोपार्जनमा सहयोग पुर्याउंने गरी अपाङ्ग सिप विकास तालिम र विउ, पुजी वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९. महिला हिंसा अन्त्य तथा न्यूनिकरण सम्वन्धी सचेतनामुलक कार्यक्रमहरु लागु गरिनेछ ।

१०. महिलालाई उत्पादन र आय आर्जन सँग जोड्न उनीहरुको सीप र क्षमता विकास गर्नको लागि महिला लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

११.महिला अधिकार एवं हकहित र संरक्षणमा जोड दिईनेछ।

१२. जेष्ठ नागरिकहरुको हकहित संरक्षण र सर्म्वद्धन तथा सहज सम्मानजक जिवन यापनका लागि कार्यक्रम सञ्चालन र सहजिकरण गरिने छ।

१३. हरेक नितिगत निर्माण एवं विकासका पूर्वाधार निर्माणमा अनिवार्य रुपमा महिलाहरुको सुनिश्चितता गरिने छ।

१४. महिला स्वरोजगार एवं सिपमूलक लघु उद्यमसिलता कार्यक्रमहरुलाई शसक्त रुपमा अघि बढाईने छ।

१५.लैगिंक दृष्टिकोणवाट पछाडि परेका महिलाहरुको क्षमता विकास अभिवृद्धीमा विशेष जोड दिईने छ।

१६. आदर्श गाउँपालिका भित्र गठन गरिएका बालकवहरु प्रभावकारी वनाउने र वालमैत्री स्थानीय शासन कार्यान्वयवन कार्यविधि वमोजिमका क्रियाकलापहरु सञ्चालन गरिने छ।

१७. जनप्रतिनिधि र शाखा प्रमुखहरुलाई कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बन्धी तालिम संचालन गरिनेछ।

१८. जनप्रतिनिधि र शाखा प्रमुखहरुको लागि योजना तर्जुमा र सुशासन सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

१९. स्थानीय तहका महिला जनप्रतिनिधिहरुको लागि नेतृत्व सिप विकास सम्बन्धी तालिम संचालन गरिनेछ ।

२०. महिलासँग उपाध्यक्ष कार्यक्रमको निरन्तरता दिईनेछ ।

२१. किशोरीसँग उपाध्यक्ष कार्यक्रम मार्फत किशोरीहरुलाई सशक्तिकरण सम्बन्धी विभिन्न कार्यक्रम गरिनेछ ।

२२. आर्थिक रुपले विपन्न परिवार गरिब,जेहेन्दार,दलित,टुहुरा बालबालिकाहरुलाई राहात स्वरुप आवश्यक व्यवस्था गरिने छ ।

**(छ) संस्थागत बिकास तथा सेवा प्रवाह र सुशासन :** गाउँकार्यपालिका कार्यालयका कर्मचारी, जनप्रतिनिधी, नागरिक समाज, बिकास साझेदार, गैरसरकारी संस्थाहरु संगको सहकार्य र समन्वयमा जोड दिइएको र उक्त कार्य सञ्चालनको लागि आबश्यक रकम बिनियोजन गरी उक्त कार्य गर्न निम्न नीति र कार्यक्रम अख्तियार गरिएको छ ।

- सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सवल बनाउन वडा तह सम्म योजना तर्जूमा सम्बन्धी क्षमता अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरिने छ ।
- गाउँपालिकाको आर्थिक श्रोत सुदृढ पार्न आन्तरिक श्रोत वृद्धि गर्नु पर्ने भएको हुँदा सबैभन्दा बढि राजस्व उठाउने वडा कार्यालयलाई सम्मान गरिने छ ।
- गाउँकार्यपालिकाको कार्यालय,वडा कार्यालय तथा विषयगत शाखा वा एकाईको सेवा प्रवाहलाई सूचना मैत्री वनाउने व्यवस्था गरिने छ ।
- सेवा प्रवाहको लागि आवश्यक पर्ने न्युनतम प्रशासनिक खर्चको लागि वजेट विनियोजन गरि प्रशासनिक संरचना र कार्यलाई मितव्ययी वनाउन अनुत्पादक खर्चहरु कटौती गरिने छ ।
- सचेतनामूलक तथा आयमूलक क्रियाकलापहरु कार्यान्वयन गर्न निजी क्षेत्र,स्थानीय तहमा कार्यरत गैरसरकारी संस्था,सहकारी संस्था तथा स्थानीय सामुदायिक संस्थाहरुलाई परिपुरक भुमिकामा परिचालन गर्ने निति लिईने छ ।
- सञ्चार क्षेत्रको विकास गर्न आगामि दिनमा सञ्चार माध्यमलाई प्रवर्द्धन गरिने छ र स्थानीय क्षेत्रमा रहेका सञ्चारकर्मीहरुलाई क्षमता अभिवृद्धि गराउनको विशेष जोड दिईने छ ।
- गैह्र सरकारी संस्थाहरुबाट गरिने कार्यकमहरु स्थानीय तहको स्वीकृती विना सञ्चालन नगरिने निति अवलम्वन गरिने छ ।
- योजनाको कार्यान्वयन तथा व्यवस्थापन प्रणाली व्यवस्थित बनाउनको लागी उपभोक्ता समितिका पदाधिकारीलाई योजना कार्यन्वयन पूर्व नै आवश्यक तालिम प्रदान गरिने छ ।
- विभिन्न लक्षित बर्गहरुको क्षमतामा अभिबृद्धिका लागी क्षमता अभिबृद्धि सम्बन्धी कार्यकम संचालन गरि सेवा प्रवाहलाई गुणस्तरीय तथा प्रभावकारी वनाउन गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरुलाई श्रोत साधनमा पूर्णता दिईने छ ।
- सार्वजनिक परिक्षण, सामाजिक लेखा परिक्षण, सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापहरुको माध्यमबाट सुशासन र पारदर्शिता अभिवृद्धि हुने भएकोले उक्त कार्यलाई अनिवार्य गराइने छ ।
- गाउँपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह गरीने सेवा अझ व्यवस्थित बनाउनका लागी कम्प्युटरिकृत स्वचालित पद्धतिको अवलम्वन गर्दै लगिने छ ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन गर्न कार्य सम्पादनका आधारमा पुरष्कृत तथा सजायको व्यवस्था गरिने छ ।
- प्रभावकारी रुपमा सेवा प्रवाह गर्न कर्मचारी तथा पदाधिकारीहरुका लागि आवश्यक क्षमता विकासका क्रियाकलापहरु सञ्चालन गरिने छ ।



आदर्श गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, मौवानगरवडा, डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३

- गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित बनाउन डिजीटल सुचना प्रणाली लागु गरिने छ ।
- गाउँपालिकामा आवश्यक निति, कार्यविधि, निर्देशिका तथा ऐनहरु निर्माण गरिने छ ।
- आर्थिक पारदर्शिता र भष्ट्राचार न्युनिकरणमा विशेष जोड दिईने छ ।
- गाउँपालिकाको आन्तरिक श्रोत वृद्धि गर्नको लागि करका दर दायरा निर्धारण गरिने छ ।
- कर्मचारीहरुलाई आवश्यकता अनुसार जिम्मेवारी हेरफेर गराइनेछ र अनुशासनको पालना नगर्ने र आफ्नो काम प्रति लापरवाही गर्ने कर्मचारीलाई आगामि आ.व.मा आवश्यक कारवाही गरिने छ ।
- निड्स नेपालसंगको साझेदारीमा विपन्न वैदेशिक रोजगारबाट फर्किएका आप्रवासीका परिवारका सदस्यलाई सिपमूलक तालिम र आय आर्जनका लागि सहयोग र साना सिंचाइ कार्यक्रम लागु गरिने छ । साथै निड्स नेपालको सहयोगमा सुरक्षित आप्रवासन तथा आर्थिक विकासका कार्यक्रमहरु समेत लागु गरिने छ ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई अझ सरल र पारदर्शी बनाउन राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको परिपत्र बमोजिम राष्ट्रिय परिचय पत्र सहितको अनिवार्य बायोमेट्रिक सिष्टम लागु गरिने छ ।
- गाउँपालिकाका निर्णय प्रक्रिया पारदर्शि र सूचना प्रविधि मैत्री बनाउन हेलो आदर्श टोल फ्रि नं.,वडा र शाखाको एकिकृत ई हाजिरी तथा पालिकाको मोवाइल एवं सञ्चालनमा ल्याई smart पालिका बनाईने छ

**अन्य बिबिध कार्यकमहरुः :**

- छोटो समयमा बढी प्रतिफल र कम लगानीबाट बढी भन्दा बढी लाभ पुऱ्याउने र अधिकतम जनसहभागिता हुन सक्ने योजनालाई प्राथमीकता दिइने नितिलाई यथार्थ र प्रभावकारी बनाइने छ ।
- स्वास्थ्य संस्थाको प्रेषण कार्डको आधारमा जेष्ठ नागरिक, गर्भवती महिला तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराईने छ ।
- गाउँपालिकाको आवधिक योजना निर्माण कार्य गरिएकोमा सो अनुसार कार्यान्वयनमा जोड दिईने छ ।
- योजनाको निर्माण कार्यलाई दिगो रुपले विकास गर्नको लागि उपभोक्ता समितिहरुलाई दर्ता प्रक्रियामा ल्याई प्रमाण पत्र उपलव्धको समेत व्यवस्था गरेर कार्यतालिका वमोजिम सम्झौता गरि उपभोक्ता समितिहरुलाई अभिमुखिकरण तालिम उपलव्ध कार्यलाई निरन्तरता दिईने छ ।
- गाउँकार्यपालिका कर्मचारी,पदाधिकारीहरु,राजनैतीक दल तथा सरोकारवालाहरुको क्षमता विकास तथा गाउँपालिकाको संस्थागत विकास कार्यलाई सुदृढ गरिनेछ र उक्त कार्यको लागि प्रादेशिक प्रशिक्षण केन्द्र तथा अन्य संघसंस्था एवं सरोकारवाला निकाय संग समन्वय गरिने छ ।
- कार्यालयबाट सम्पादन हुने जनताका दैनिक कार्यहरुलाई अझ जनमुखी छिटो छरितो (चुस्त दुरुस्त) पार्ने प्रयासका लागी शाखागत कार्य बिभाजन,कर्मचारीको कार्य बिवरणको परिमार्जन गरी जिम्मेवारी बढाउने नीति लिईने छ ।
- व्यवसाय कर असुली गरि आन्तरिक आय बढाउनका लागी पहल गरिने छ । साथै करको प्रतिफल करदाताले पाउने व्यवस्था अवलम्वन गरिने छ ।
- विपन्न समुदायको आर्थिक बिकास हुने खालका कार्यकमलाई प्राथमिकता दिईने छ ।
- गाउँपालिकाका जेष्ठ नागरीकहरुलाई स्वास्थ्य शिविर मार्फत स्वास्थ्य उपचार गर्ने र पारिवारिक व्यवहार सुधार सम्वन्धी क्रियाकलाप एवं जेष्ठ नागरिक सम्मान गर्ने क्रियाकलापलाई निरन्तरता दिइने कार्यकम रहेको साथै विपन्न एकल महिला अती विपन्न परिवारहरुलाई आयआर्जनका क्रियाकलापमा सहभागि गराईने छ ।
- एच आइ भी संक्रमित व्यक्तिको लागि निजहरुलाई आयआर्जन र स्वास्थ्य उपचार सम्बन्धी क्रियाकलापलाई निरन्तरता दिईने छ ।
- आदर्श गाउँपालिका भित्र रहेका संघ संस्थाहरुलाई दर्ताको प्रकियामा ल्याई

आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवानगरदह,डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३



CamScanner

- आ.व.२०८१/०८२ को रजिष्ट्रेसन प्रयोजनका लागि गाउँपालिकाको जग्गाको मूल्याकंन साविक वमोजिम यथावत कायम गरिने छ।
- अव्यवस्थित बसाइ,भूमिहिन भएका व्यक्तिहरुको लगत संकलन गरि व्यवस्थित बसाइको लागि भूमि व्यवस्थापन आयोगको समन्वयमा जग्गाधनी प्रमाण पूर्जा उपलब्धको लागि व्यवस्था गरिने छ।
- गाउँपालिका अन्तरगत रहेका सडकहरुको सुदृढीकरण एवं सडक सञ्जालको विस्तृत विवरणको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।
- गाउँपालिका अन्तरगत कक्षा १ देखि ५, कक्षा १ देखि ८ र कक्षा १ देखि १२ सम्मका विद्यालयहरुका प्र.अ.,शिक्षक,कर्मचारी तथा बाल विकास सहजकर्ताहरुको कार्य सम्पादनको मूल्याङ्कन गरि प्रत्येक वर्ष नगद पुरस्कार र उत्कृष्ट आदर्श गाउँपालिका शिक्षक कार्यक्रमलाई निरन्तरता दिईने छ।
- स्थानीय भाषाको संरक्षण एवं सम्वर्द्धन गर्नको लागि विद्यालयहरुमा स्थानीय पाठयक्रमको निर्माण कार्यलाई अघि बढाईने छ।
- गाउँपालिका अन्तरगतको जग्गाहरुलाई आवास क्षेत्र,वन क्षेत्र र कृषि क्षेत्र छुटयाई मालपोत कार्यालय तथा नापी कार्यालय डोटीसंग समन्वय गरि वर्गिकरण गरिने छ।
- आदर्श गाउँपालिकाको आ.व.२०८१/०८२ को अनुमानित आय तथा व्ययको विवरण:

| आय तर्फ | | | |
|---|---|---|---|
| क्र.सं. | शिर्षक | स्रोत | रकम रु. |
| १ | समानिकरण अनुदान | संघ | ९,०७,००,०००। (नौ करोड सात लाख) |
| २ | राजश्व बांडफाँड | संघ | १०,१४,००,०००। (दश करोड चौध लाख) |
| ३ | शसर्त अनुदान | संघ | २४,९१,६२,०००। (चौबिस करोड एकानब्वै लाख बयासट्टी हजार) |
| ४ | विशेष पुजिगत अनुदान | संघ | ६५,००,०००। (पैसट्टी लाख) |
| ५ | समपुरक अनुदान | संघ | १,००,००,०००। (एक करोड) |
| ६ | समानीकरण अनुदान | प्रदेश | ७८,१७,०००। (अठहत्तर लाख सत्र हजार) |
| ७ | सवारी साधन कर (राजस्व वाडफाड) | प्रदेश | १९,१९,०००। (उन्नाईस लाख उन्नाईस हजार) |
| ८ | विशेष अनुदान | प्रदेश | ३५,००,०००। (पैतिस लाख) |
| ९ | समपुरक अनुदान | प्रदेश | १,२६,२६,०००। (एक करोड छब्बिस लाख छब्बिस हजार) |
| १० | शसर्त अनुदान | प्रदेश | ६४,३५,०००। (चौसट्टी लाख पैतिस हजार) |
| ११ | गत वर्षको मौज्दात | स्थानीय | ५०,००,०००। (पचास लाख) |
| १२ | आन्तरिक श्रोत | स्थानीय | ३५,००,०००। (पैतिस लाख) |
| | **कुल रकम** | | **४९,८५,५९,०००। (उन्पचास करोड पैचासी लाख उनासट्टी हजार)** |

| व्यय तर्फ | | |
|---|---|---|
| सशर्त अनुदान तर्फ | १. विषयगत शसर्त अनुदान तर्फ | २५,५५,९७,०००। (पच्चिस करोड पचपन्न लाख सतानब्बे हजार) |
| आन्तरिक श्रोत तथा राजश्व बाँडफाड तर्फ | २. पादाधिकारी पारिश्रमिक एवं कर्मचारी तलव भत्ता लगायतका | १०,६८,१९,०००। (दश करोड अठसट्टी लाख उन्नाईस हजार) |



आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवानगरवह,डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३

CamScanner

| | | |
|---|---|---|
| | कार्यालय सञ्चालन सम्वन्धी चालु खर्च | |
| | ३. बिषयगत शाखा तर्फ | २००००००००। (दुई करोड) |
| | ४. समपुरक कोष | २,२६,२६,०००। (दुई करोड छब्बिस लाख छब्बिस हजार) |
| बित्तिय समानीकरण संघ र प्रदेश | ५. गाउँस्तरीय एवं वडास्तरीय लगायत आयोजना कार्यक्रम तथा पुंजीगत खर्च तर्फ | ९,३५,१७,०००। (नौ करोड पैतिस लाख सत्र हजार) |
| **कुल अनुमानित खर्च रकम** | | **४९,८५,५९,०००। (उन्पचास करोड पैचासी लाख उनासट्ठी हजार)** |

अन्तमा आफनो अमूल्य समय दिनु हुने गाउँसभाका सभाध्यक्षज्यू वडा अध्यक्षज्युहरु,गाउँकार्यपालिकाका सदस्यज्यूहरु,गाउँसभाका सदस्यज्यूहरुलाई धन्यवाद दिन चाहान्छु । यस गाउँ सभा सम्पन्न गर्नको लागि सहयोग गर्न अहोरात्र कार्यमा खटिई सहयोग गर्नु हुने गाउँपालीकाका कर्मचारीलाई धन्यबाद दिन चाहन्छु । यो गाउँ सभामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न रहनु हुने बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिज्युहरु एवं हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनहुने सम्पुर्ण आदणीय व्यक्तित्वहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । हाम्रो निमन्त्रणालाई स्विकार गरी पाल्नु हुने सुरक्षा निकायका प्रमुखज्युहरु,पत्रकारज्युहरु सरकारी,गैरसरकारी क्षेत्रका सहभागीहरु लगायत उपस्थित अन्य व्यक्तित्व प्रति आभार तथा धन्यवाद प्रकट गर्दछु । प्रस्तुत कार्यकमको कार्यान्वयनको निम्ति यहांहरुबाट प्राप्त हुने रचनात्मक सुझाबलाई मार्गदर्शनको रुपमा लिएर गाउँपालिका अगाडि बढ्ने विश्वास दिलाउदै यस पन्धौं गरिमामय गाउँसभाको सफलताको शुभकामना सहित यहांहरुको निरन्तर साथ र सहयोगको अपेक्षा गर्दै विदा चाहान्छु ।

धन्यवाद

स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्र्दशन २०७४ को

अनुसूची ५

(दिग्दर्शनको दफा ५.५.३ संग सम्बन्धित)

# आर्थिक बर्ष २०८१/०८२ को

# नीति तथा कार्यक्रम

आदर्श गाउँपालिका

डोटी जिल्ला

सुदूरपश्चिम प्रदेश

२०८१

आदर्श गाउँपालिकाको आ.व.२०८१/०८२ को गाउँ सभाका सभाध्यक्ष एवं गाउँपालिकाका अध्यक्षज्यू,कार्यपालिकाका सदस्यज्यूहरु,गाउँसभाका सदस्यज्यूहरु,प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यूहरु, सञ्चारकर्मी,समाजसेवी, लगायत उपस्थित सम्पूर्ण कर्मचारीज्यूहरु एवं महानुभावज्युहरु ।

सर्वप्रथम देशको निम्ती आफ्नो ज्यानको आहुती दिने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरुप्रति र गाउँसभा सदस्य जगुवा भाट प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । साथै यस आदर्श गाउँपालिकाको संक्षिप्त चिनारी प्रस्तुत गर्न चाहान्छु ।

संघीय संरचना अनुसार शुदूरपश्चिम प्रदेश अन्तर्गत रहेको डोटी जिल्लाको सदरमुकाम सिलगढी वाट ३३ कि.मी. टाढा रहेको आदर्श गाउँपालिकाको पूर्वमा दि.सि.न.पा.,पश्चिममा शिखर न.पा. र डडेल्धुरा,उत्तरमा सायल गाउँपालिका र दक्षिणमा शिखर न.पा.रहेको छ । २०७८ को राष्ट्रिय जनगणना आधारमा यस आदर्श गाउँपालिकाको कुल क्षेत्रफल १२२ वर्ग कि.मी. ४२०४ घरधुरी,जनसंख्या २४९११, (जसमा पुरुष ११९४१ र महिला १३७७०) परिवार संख्या ५४४९ रहेको छ । विशेष गरि क्षेत्री,बाहुन,दलितहरुको वाहुल्यता रहेको यस गाउँपालिकामा हाल ७ वटा वडाहरु कायम रहेको व्यहोरा अवगत गराउन चाहान्छु ।

हामीले सहभागीतात्मक गाउँ विकास योजना तर्जुमा प्रकृया अवलम्वन गर्दै योजना हरुलाई संघिय सरकारको तथा प्रदेश सरकारको मार्ग दर्शन र गाउँपालिकाको आन्तरिक श्रोत समेतलाई मध्यनजर गरि गाउँपालिकाका पदाधिकारीहरु, विशेषज्ञ, बौद्धिक व्यक्तित्व, दलित, महिला, अगुवा कृषक जनसमुदायसंग प्रत्यक्ष भेला, भेटघाट,तथा फोन मार्फत लिईएको राय सुझाव एवं परामर्शको आधारमा आ.व.२०८१/०८२ को पन्धौ गाउँसभाको यो निति तथा कार्यक्रमले यस गाउँपालिकाको विकास ,उन्नति र प्रगतिका लागि आधार तयार गर्ने छ भन्ने कुरामा हामी विश्वस्त रहेका छौ ।

**आदरणिय सभाध्यक्षज्यू :**

## आ.व.२०८०।०८१ अन्तर्गत २०८० श्रावण देखि हाल सम्म यस आदर्श गाउंपालिकामा भएको उपलब्धिहरुको वारेमा छोटकरीमा प्रस्तुत गर्न चाहान्छु ।

यस गाउँपालिकामा रहेका ७ वटै वडाका करिव २७ हजार नागरिकहरुलाई दिगो विकास र सुशासन दिनु र विकासमा नागरिकहरुको अधिकतम सहभागिता वृद्धि गर्नु हामि सबैको जिम्मेवारी हो । विगत वर्षमा यस आदर्श गाउँपालिकामा भौतिक तथा मानवीय विकासमा कस्तो प्रभाव पारेको छ सो विषयमा संक्षिप्तमा यसरी प्रस्तुत गर्न चाहान्छु ।

**(क) आर्थिक बिकासः** आदर्श गाउँपालिका अन्तर्गत नागरिकहरुको बेरोजगारी समाधान गर्नु ठूलो चुनौति रहेको छ । स्वरोजगार कार्यक्रम एवं कृषि क्षेत्रको विकासबाट यस क्षेत्रका नागरिकहरुलाई बेमौसमी तरकारी खेती गरि बृहतरुपमा तरकारी क्षेत्र विस्तार गर्नको लागि ८५ प्रतिशत अनुदानमा १२५ वटा प्लाष्टिक घर निर्माण तथा कृषि कार्यलाई सहजिकरण गर्न ७५ प्रतिशत अनुदानमा २३ वटा मिनिलिटर (हाते टयाक्टर) वितरण गरि आत्मनिर्भर बनाउन प्रयास गरिएको छ । प्रत्यक्ष रुपमा अवलोकनको माध्यमवाट गुणस्तरिय सिकाई हुने एवं आधुनिक प्रविधि अवलम्बन गरिने उद्देश्य राख़ि जनप्रतिनिधि तथा अगुवा कृषकहरुलाई ७ दिने अन्तरप्रदेश कृषक भ्रमण कार्यक्रम सम्पन्न भई कृषि क्षेत्रको विकासमा टेवा पुगेको छ । माटोको खाद्यतत्वहरुको अवस्था पत्ता लगाउन माटो सुधार गर्न आदर्श गाउंपालिकाको प्रतिनिधित्व हुने गरि ३३३ वटा माटोको परिक्षण गरि कृषकहरुलाई Soil Health Card गरिएको छ भने कृषकहरुको आवश्यकता अनुसार सिंचाइ कार्यमा सहजिकरण गर्न १७ वटा सिमेन्ट पोखरी एवं २७ जना कृषकलाई पाइप र आकस्मिक रोग किरा नियन्त्रण गर्न रोगनासक एवं किटनासक विषादी वितरण गरिएको छ । प्रत्येक किसानहरुको कृषि तथ्याङ्क थाहा पाउनको लागि अनलाइन प्रणालीको माध्यमबाट तथ्याङ्क प्रविष्ट गरि कृषक दर्ता प्रक्रिया सञ्चालन गरिएको छ भने आलु धान,तरकारीको पकेट एरिया निर्धारण गरि कृषि व्यवसायको माध्यमबाट



आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भीमानगरगढ, डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३

CamScanner

गाउँका वासिन्दालाई रोजगार प्रदान गर्न गाउँका धेरै स्थानमा कृषि व्यवसाय र पशुपालन गर्ने कार्यलाई पाथमिकता दिई आवश्यक कार्यक्रम कार्यान्वयन गरिएको छ। पशुहरुलाई नश्ल सुधार गरि उन्नत जात कायम गराउनका लागि गाई र भैसीमा कृतिम गर्भाधान कार्यक्रम सञ्चालन गरिको छ भने महामारी रोग नियन्त्रणका लागि खोप तथा शिविर सञ्चालन गरिएको छ। प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत रोजगार योजना संचालन गरिएको छ भने उद्योग तर्फ जागरण ल्याई रोजगार एवं आत्मनिर्भर वनाउन उद्यम घर निर्माण गरि वडा नं.५ मा दुना टपरी सिप विकास तालिम र चप्पल उद्योग सिप विकास तालिम सञ्चालन गरिएको वडा नं.४ मा आरन सिप विकास तालिम,फर्निचर सिप विकास तालिम,होजियारी सिप विकास तालिम सञ्चालन गरिएको वडा नं.३ मा सिलाई वुनाई सिप विकास तालिम सञ्चालन गरिएको र फाइवर झोला निर्माण कार्य सञ्चालनको चरणमा रहेको छ।

**(ख) सामाजिक क्षेत्र:** गाउँपालिकाले ४ रोपनी जग्गा खरिद गरि जग्गाधनी प्रमाण पूर्जा प्राप्त गर्न सफल भएको छ भने १५ शैया अस्पतालको निर्माण कार्य द्रुतगतीमा अगाढि वढिरहेको छ। गाउँपालिकाका सम्पूर्ण गाउँमा एकिकृत स्वास्थ्य शिविर सञ्चालन गरिएको छ भने उक्त शिविरमा पाठेघरको क्यान्सर पहिचान तथा क्षयरोग निदान गरिएको छ। डोटी जिल्लामा पहिलो पटक पूर्ण खोप पालिका घोषणा भई हाल सम्म निरन्तरता दिईएको छ। बालबालिकाको पोषण सम्वन्धी अवस्थाको जानकारी लिन Growth Monitoring कार्यक्रम तथा स्थायी परिवार नियोजन क्याम्प सञ्चालन गरिएको छ। सामाजिक सुरक्षा भत्ता भुक्तानी प्रक्रियालाई सहज र सरल बनाउन कोष तथा लेखा नियन्त्रक कार्यालयवाट सोझै लाभग्रहीको खातामा भुक्तानी गर्न Electronic Fund Trasfer (EFT) विद्युतिय माध्यम लागु गरि भुक्तानी गरिएको तथा वैकंसित गरिएको सम्झौतालाई कायम राखि पालिकामा १ देखि ७ वटै वडामा १/१ दिन शिविर राखि सामाजिक सुरक्षा भत्ता वितारण गरिएको। व्यक्तिगत घटना दर्तालाई पूर्णरुपमा डिजिटाइज गरिएको छ भने Vital Event Registation System project- Management Information System (VERSP-MIS) (भर्सप एम.आई.एस) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण परियोजना प्रणाली सञ्चालन गर्न वडा सचिव र सहायक कम्प्यूटर अपरेटरलाई क्षमता विकास तालिम सञ्चालन गरिएको छ। विद्यालय शिक्षालाई व्यवस्थित र प्रभावकारी वनाउनका लागि पालिकास्तरिय दरवन्दी सृजना गरि औचित्यको आधारमा दरवन्दी वितरण गर्ने प्रक्रिया थालनी गरिएको छ। आदर्श गाउँपालिकाका प्रत्येक विद्यालयलाई खेलकुद सामाग्री वितरण गरिनुका साथ साथै जिल्लास्तरिय राष्ट्रिपती रनिङ शिल्ड प्रतियोगितामा आदर्श गा.पा.तृतीय स्थान हासिल गर्न सफल भएको छ।

गाउँपालिकामा विद्युत महशुल काउण्टर स्थापनाको चरणमा रहेको छ भने गाउँपालिका अन्तर्गत रहेका शाखाहरु र सम्पूर्ण वडाहरुमा इन्टरनेट तथा इन्भटर जडान गरि आधुनिक प्रविधिको विकासमा टेवा दिईएको छ। आदर्श गाउँपालिकाको प्रमुख समस्या रहदै आएको स्वच्छ खानेपानीको उपयोग गर्न गाउँपालिकाको पहलमा आदर्श वृहत खानेपानी कार्यको सर्वेक्षण भई संघीय खानेपानी कार्यालयवाट खानेपानी टेण्डर आव्हान भई निर्माणको क्रममा रहेको साथै वडा नं.६ को गिरिचौकामा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र गाउँपालिकाको संयुक्त साझेदारीमा सौर्य मिनिग्रेड सोलार प्रणालीद्धारा विजुली वत्ति सञ्चालन समेत गरिएको छ। आदर्श गाउँपालिकाका सम्पूर्ण वडाहरुका गरिव,दलित,एकल महिलाहरुलाई कम्वल वितरण,वाव विवाह सम्वन्धी सचेतिकरण कार्यक्रम र महिला सशक्तिकरण कार्यक्रम सम्पन्न हुनुका साथै अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्ग परिचय कार्ड वितरण गरिएको छ। किशोरीहरुलाई पत्रकारिता तालिम,आत्मरक्षा सम्वन्धी तालिम एवं बालक्लवका पदाधिकारीहरुलाई नेतृत्व सिप विकास तालिम सञ्चालन तथा लैगिंक हिंसा सम्वन्धी सचेतना कार्यक्रम सम्पन्न गरिएको छ। वडा नं.७ लाई बालमैत्री स्थानीय शासन घोषणा गर्ने अभियानमा गाउँपालिका रहेका छ। वाल अधिकार समिति गठन भई पालिकास्तरिय बाल उद्धार कोषको स्थापना भईसकेको र हिंसा,शोषण र विपद्मा परेका बालबालिकाहरुलाई बाल उद्धार कोषबाट राहत वितरण समेत भईरहेको छ। गाउँपालिकामा स्वास्थ्य सेवा सर्वसुलभ उपलब्ध गराउनको लागि एम.बि.बि.एस डाक्टरको



आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवानगरदह, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

नियुक्तिलाई निरन्तरता दिई MBBS डाक्टरबाट प्रत्येक वडाहरुमा जनरल शिविर सञ्चालन तथा मौवा स्वास्थ्य चौकीको प्रयोगशाला व्यवस्थापन,एक्सरे सेवा सञ्चालन समेत भएको व्यहोरा समेत जानकारी गराउन चाहान्छु ।

**(ग) पूर्वाधार बिकास क्षेत्र:** आदर्श गाउँपालिकाको विकासमा पुर्वाधार विकासका लागि बजेटको ठूलो हिस्सा यसै क्षेत्रमा विनियोजन गरिएको छ । पूर्वाधार विकास अन्तर्गत आ.व.२०८०।०८१ भएको योजनाहरुको बजेट सहितको विवरण प्रस्तुत गर्न चाहान्छु ।

१) आदर्श गा.पा.वडा नं.२ मा ३० करोडको लागतमा १५ शैया अस्पताल निर्माण भैरहेको ।

२) आदर्श गा.पा.वडा नं.६ मा ७० लाखको लागतमा काँडा बबिना लिफ्टिङ्ग खानेपानी निर्माण योजना सम्पन्न भईसकेको ।

३) आदर्श गा.पा.वडा नं.३ मा ७० लाखको लागतमा नुवाकोट खानेपानी निर्माण योजना सम्पन्न भईसकेको ।

४) आदर्श गा.पा.वडा नं.६ मा ९७ लाखको लागतमा खतेडागाउँ खानेपानी निर्माण सेवा सञ्चालनमा रहेको ।

५) आदर्श गा.पा. वडा नं.२ र वडा नं.५ जोड्ने ३८ लाखको लागतमा मौवा लामिखाल सडक विस्तार गर्ने कार्य सञ्चालनमा रहेको ।

६) आदर्श गा.पा.वडा नं.२ र वडा नं.६ जोडने ३ करोडको लागतमा मौवा गिरिचौका सडक विस्तार गर्ने कार्य सञ्चालनमा रहेको ।

७) आदर्श गा.पा.वडा नं.४ मा रहेको ७० लाखको लागतमा स्वास्थ्यचौकी निर्माण गर्ने कार्य सञ्चालनमा रहेको ।

८) आदर्श गा.पा. वडा नं.५ मा रहेको २५ लाखको लागतमा तलारा सिंचाइ पोखरी निर्माण गर्ने कार्य सम्पन्न भईसकेको ।

९) आदर्श गा.पा.वडा नं.५ मा तलारा वर्थिङ्ग सेन्टर निर्माण कार्यको सञ्चालनमा रहेको ।

१०) आदर्श गा.पा. वडा नं.४ मा जलाधार संरक्षण सम्वन्धी कार्यक्रम सञ्चालनमा रहेको ।

११) आदर्श गा.पा.वडा नं.५ मा रहेको लघुउद्यम भवन निर्माण भईसकको ।

**(घ) बाताबरण तथा बिपद् व्यबस्थापन:** गाउँपालिका तथा वडा स्तरमा विपत व्यवस्थापन समिति गठन भई विपद् कोषको व्यवस्था समेत गरिएको व्यहोरा जानकारी गराउन चाहान्छौं ।

**(ङ) संस्थागत बिकास, सेवा प्रवाह र सुशासन:** गाउँपालिकाको संस्थागत विकासको लागि सबै शाखा, एकाई, सहित सबै संग समन्वय बढाइएको छ । अनलाईन प्रणालीबाट व्यक्तिगत घटना दर्ता कार्यक्रम,सामाजिक सुरक्षा कार्यक्रमलाई अघि बढाईएको छ भने सुत्र प्रणालीबाट आर्थिक कारोवार तथा PAMS (पाम्स) बाट जिन्सी व्यवस्थापन गरिएको छ । साथै खरिद कार्य एकद्धार गर्न खरिद समितिले विधुतिय खरिदलाई महत्व दिएको छ ।

**च) न्यायिक समिति:** प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि न्यायिक समितिले स्थानीय न्याय सम्पादनको काम गर्दै आइरहेको छ ।न्यायिक समितिको सचिवालयको स्थापना, न्याय सम्पादनका कार्यविधि/ ऐनहरुको प्रकाशन, ७ वटै वडाहरुमा मेलमिलाप केन्द्र गठन भई मेलमिलापकर्ताहरु सुचिकृत भइसकेका छन् । छुट्टै इजलासको व्यवस्था लगायतका कामहरु सम्पन्न भएका छन् ।न्यायिक समितिको अधिकार क्षेत्र भित्र पर्ने विवादको निरुपण स्थानीय तहबाटै हुने प्रणाली बसिसकेको छ ।मेलमिलापकर्ताहरुले अघिल्लो आ.व.२०७९।०८० मा मेलमिलाप सम्बन्धी ८ दिवसिय आधारभूत तालिम प्राप्त गरिसकेका र यस आ.व.मा



आदर्श गाउँपालिका गाउँपालिकाको कार्यालय मौवानगरदह,डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३

मेलमिलापकर्ता पुनर्ताजकिय तालिम सञ्चालन भइरहेको छ साथै मेलमिलापको माध्यमवाट सवै उजूरी किनारा लगाईएको व्यहोरा समेत जानकारी गराउन चाहान्छु ।

**आदरणिय सभाध्यक्षज्यू,**

हाम्रो गाउँपालिकाको विकास सरकारी प्रयासले मात्र सम्भव नहुने कुरा हाम्रा सामु छर्लङ रहेको छ । वजेट खर्च तथा वजेट उपलब्ध गराउने कुरालाई हेर्दा करौडौं रुपैया सरकारी गैर सरकारी क्षेत्रवाट विनियोजित एवं खर्च भै नै रहेको छ तथापि यहाको भौतिक आर्थिक तथा मानवीय विकासको स्थिति अन्यत्रका गाउँपालिकाको तुलनामा कमजोर रहेको देखिन्छ । उपभोक्ता समिति गाउँपालिका क्षेत्रका आयोजनाहरुको निर्माणमा आ-आफ्नो भुमिका निर्वाह गर्दै आएकोमा आयोजनाको गुणस्तरमा समेत ध्यान दिईरहेका छन । आयोजना निमार्ण कार्य पश्चात त्यसको दिगोपनाको लागि उपभोक्ता समितिको भुमिका प्रभावकारी हुन नसकेको यथार्थ हाम्रा सामु विद्यमान रहेको छ भने गाउँका ठुला आयोजनाहरुको छनौट एवं कार्यान्वयन पनि प्रभावकारी नभएको कारण कमजोर गुणस्तरको काम एवं वजेट तथा कार्यक्रम अनुरुप कार्य हुन नसक्दा विकासले समाजमा सकारात्मक परिवर्तन गरी सर्वसाधारणको जनजीवनमा उल्लेख्य प्रभाव पार्न सकेको छैन ।

गाउँपालिकालाई सभ्य, आर्कषण बनाउन भ्रष्टाचारलाई शुन्यतामा ल्याई अनियमितता र ढीलासुस्ती रहित सुविधा सम्पन्न वनाउन राजनैतीक दल,उपभोक्ता समिति,नागरीक समाज,पत्रकार,महिला, दलित, अपाङ्ग, जनजाती वुद्धीजीवी, शिक्षक, समाजसेवी, कर्मचारी एंव गाउँवासी सवैको कर्तव्य हो । विगतका राम्रा नराम्रा कुराको समीक्षा गर्दै आगामी दिनमा कसरी राम्रो गर्न सकिन्छ भनि केही लक्षित कार्यकम ,निति तथा योजना तर्जुमा गर्दै अगाडी बढ्नु पर्ने आवश्यकताका कारण आ.व.२०८१/०८२ मा गाउँसभाले केही लक्षित कार्यकम तथा नितीहरुलाई निम्नानुसार अगाडि सारेको छ ।

**क) आर्थिक बिकास** : गाउँपालिकामा रहेका कृषकहरुलाई आयआर्जनका कृयाकलापहरुवाट आत्म निर्भर वनाई रोजगार सृजना गर्ने कार्यलाई प्राथमिकता दिन आवश्यक भएको देखिएकोले वजार व्यवसाय, कृषि, पशुपालन, फलफुल, कुखुरापालन एवं पकेट क्षेत्र, सिप विकास तालिम, उन्नत सहकारी, सिंचाई र **एक गाउं एक उत्पादनको कार्यक्रमलाई** यस आ.व.मा निरन्तरता दिईएको छ । त्यसैले आर्थिक विकासको लागि आवश्यक पर्ने रकम विनियोजन गर्ने गरी निम्न वमोजिमका नीति अख्तियार गरिएको छ ।

- वाख्रापालनको पकेट क्षेत्रको अवधारणालाई अगाडी वढाई संघ संस्थाहरुसंगको साझेदारीमा नागरिकहरुलाई आत्मनिर्भरता तर्फ उन्मुख गराइने निति लिइएको छ ।
- कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशिलता प्रवर्द्धन गर्न मल,विउ,किटनासक औषधीको उपलव्धता,उत्पादित वस्तुको भण्डारण तथा प्रशोधन र वजार व्यवस्थामा सहजीकरण गर्न र सिंचाई सुविधा प्रवर्द्धन गरिने छ ।
- किसानको लागत मूल्य प्राप्तिको सुनिश्चितताको लागि कृषि तथा पशु विमा कार्यकमलाई प्रोत्साहित गर्न कार्यकमगत व्यवस्था गरिने छ ।
- स्थानीय तहमा उत्पादन हुने नगदे तथा खाद्य वालीको पकेट क्षेत्र वनाएर आत्मनिर्भर वनाउन प्राथमिकता दिईनेछ ।
- स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरि उत्पादित वस्तुहरुको वजारीकरणको सुनिश्चता प्रदान गर्न सहयोग पुग्ने गरि कार्यकमहरु ल्याइने छ ।

आदर्श गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शोभानगरवह,डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३



CamScanner

- विदेशवाट फर्किएका तथा रोजगारीको खोजिमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अधावधिक गरि त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण,सेवा,व्यवसाय,उद्योग,कृषि लगायतका क्षेत्रका रोजगारदातासंग समन्वय गरि रोजगारी प्रदान गर्न सहजकिरणको व्यवस्था गरिने छ ।
- कृषि क्षेत्रमा विशेष आलु कार्यकम,मौरी पालन कार्यकम,प्लास्टिक घर निर्माण कार्यलाई प्राथमिकता दिईएको छ ।
- कृषक पाठशाला,प्राङ्गारिक मल व्यवस्थापन,घरवारी व्यवस्थापन,कृषि मेला पर्दशनी,रैथाने बाली व्यवस्थापन,मौरी पर्वद्धन,च्याउ खेती तथा साना सिंचाइ कार्यक्रमको माध्यमबाट आधुनिक कृषि प्रणालीको विकास गराईनेछ ।
- फलफुल खेती,तरकारी खेती र पशुपालन कार्यकमलाई लागत साझेदारीमा सञ्चालन गरिने छ ।
- कृषि क्षेत्रको विकास गरि किसानहरुलाई आत्मनिर्भर वनाउन वडा नं.१ को चाँसीलाई तरकारी खेती,वडा नं.३ को काँडीलाई भटमास खेती र वडा नं.६ को गिरिचौकालाई मकै खेतीको पकेट एरियाको रुपमा घोषणा गरिने छ ।
- स्थानीयस्तरमा रोजगारी अभिवृद्धि गर्न अन्य सरकारी तथा गैरसरकारी निकायहरु संगको साझेदारीमा विभिन्न किसिमका सीपमुलक तालीम कार्यकम सञ्चालन गरिने भएको छ ।
- पर्यटन विकासलाई अघि बढाउन आवश्यक पुर्वाधार विकास बढाइने कार्यकम रहेको छ ।
- गाउँपालिकाको आन्तरीक स्रोत अभिवृद्धिका लागी करका नयाँ स्रोतहरुको पहिचान गरी राजस्व अभिबृद्धि गर्नका लागी थप अध्ययन गर्नुका साथै कर संकलनका लागी यस गाउँपालिकासंग सम्बन्धित संघ संस्थाहरु संग सहकार्य तथा राजस्व साझेदारीको निती अवलम्वन गरिने भएको छ ।
- सम्वन्धित निकाएको सहयोग तथा सहकार्य सहित वजार अनुगमन गर्ने व्यवस्था मिलाइने भएको छ ।
- यूवा वेरोजगारलाई काम गर्न गाउँपालिकाका सम्भावित क्षेत्रमा पशुपालन, बाखा पालन,बंगुरपालन तथा फलफुल कार्यकम सञ्चालन गर्न किसानलाई प्रोत्साहित गरिने भएको छ ।
- पशु स्वास्थ्य शिविर,कृतिम गर्भाधान,घास विकास कार्यक्रम तथा अगुवा कृषक तालिम एवं अध्यन अवलोकन भ्रमणको आयोजना गरि जनताको जिवनस्तरमा सुधार ल्याईने छ ।
- जनताको जिवनस्तर उकास्नको लागि विभिन्न आयमूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- सामुदायिक वनका सदस्यहरुमा उद्यमशिलता विकास गर्नका लागि इलाका वन कार्यालय संग समन्वय गरि एक वन एक उत्पादन कार्यक्रम सञ्चालन गरिने छ ।
- कृषि पूर्वाधार विकास कार्यकमहरु लागत साझेदारीमा सञ्चालन गरिने छ ।
- व्यवसायमूलक उत्पादनका कार्यकमहरुलाई प्राथमिकता दिई दलित,पिछडिएको वर्ग महिलालाई सशक्तिकरण गराई आय आर्जनका कियाकलापहरु अघि बढाईने छ ।
- उन्नत जातको पशु व्यवसाय सञ्चालनमा ल्याउन आवश्यक सामाग्री खरिद भईसकेको हुँदा कृतिम गर्भाधान प्रकिया लागु गरिने छ ।

- कृषि तथ्याङ्क व्यवस्थापन र कृपकहरु सूचिकरण तथा दर्ता कार्यकमलाइं व्यवस्थित गरिने छ ।
- कृषि कार्यमा आमूल परिवर्तन ल्याउनको लागि कृषि क्षेत्रमा लागेका उत्कृष्ट कृषक तथा कृषि कर्मचारीहरुलाई पुरस्कृत तथा सम्मान गरिने छ ।
- भिरालो जमिनको संरक्षण गर्न गरा सुधार कार्यकम तथा खेतीयोग्य जमिनलाई उर्वरायुक्त वनाउनको लागि माटो परीक्षण कार्यकम अवलम्वन गरि एकिकृत वाली विकासको योजना अघि वढाईने छ ।
- नदि तथा खोलावाट निकास हुने ढंगा,गिट्टी र वालुवाको श्रोत पहिचान गरि राजस्वको दायरा भित्र ल्याईने छ ।
- सिंचाइको आवश्यक व्यवस्था गरेर कृषि उत्पादनद्वारा आर्थिक विकास गर्न एक वडा एक उत्पादन कार्यक्रम गरिने छ ।

**ख) सामाजिक बिकास :**सामाजिक विकास चेतना, शिक्षा, समावेशी विकास जस्ता कुराहरुलाई पनि प्राथमिकता दिन आवश्यक कुरा भएको महसुस गरी उक्त क्षेत्रको विकासका लागि एथोचित वजेट विनियोजन गरी निम्नुसारका नीतिहरुलाई प्राथमिकता दिइने भएको छ ।

- गाउंपालिकामा वालमैत्री स्थानीय शासनलाई प्रभावकारी किसिमले लागु गर्न वालमैत्री सम्वन्धी कार्यकम संचालन गरिने र सम्पुर्ण पक्षको सहयोगमा यसै आ.व.भित्र वडा नं.७ वडा नं.१ र वडा नं.२ लाई वालमैत्री स्थानीय शासन घोषणा गरिने छ ।
- योजनाको तर्जुमा गर्दा सहभागितामूलक प्रक्रियावाट योजना तर्जुमा अवलम्वन गरिने छ ।
- आदर्श गाउँपालिकामा रहेको खानेपानीको समस्यालाई समाधान गर्न वृहत खानेपानीको योजना स्वीकृत भईसकेको हुँदा कार्यान्वयन पक्षलाई अघि वढाउन पहल गरिने छ ।
- वृद्ध वृद्धा तथा अशक्तहरुलाई होम स्वास्थ्यको माध्यमवाट चेकजांच गरिने कार्यलाई निरन्तरता दिईनेछ ।
- विद्यालयहरुमा अध्यनरत विद्यार्थीहरुको अनुपातमा शिक्षक दरवन्दीको सृजना गरिने छ ।
- स्वास्थ्य नै धन हो भन्ने कुरालाई आत्मसात गरि विशेषज्ञ सेवा,ईसिजि सेवा तथा आँखा शिविर सेवा सञ्चालन कार्यलाई निरन्तरता दिईने छ ।
- कृषि क्षेत्रमा आमूल सुधार गर्नको लागि कृषि विशेषज्ञहरुको राय परामर्शमा खाद्यान्न तथा नगदे वाली उत्पादनमा विशेष प्राथमिकता दिईने छ ।
- गाउंपालिका अन्तरगत रहेका वाँझो जग्गाहरुमा कपास खेती सहित परिवेश सुहाउदो नगदे वाली तथा फलफुल उत्पादन कार्यको विकास गरि वाँझो जमिन राख्ने प्रवृतीको अन्त्य गरिने छ ।
- गाउंपालिका भित्र एक घर एक करेसावारीको अवधारणालाई अवलम्वन गरिने छ ।
- स्थानीय कच्चा पदार्थ,सिप र प्रविधिको प्रयोगद्वारा रोजगारी सृजना कार्यकमहरुलाई प्राथमिकता दिइने छ ।
- गाउंपालीकाबाट निर्माण गरिने विकासका हरेक क्षेत्रमा बालमैत्री,अपाङ्गमैत्री र भुकुम्प प्रतिरोधात्मक संरचना निमार्ण गरिने छ ।
- अस्पताल,स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाईवाट प्रदान गरिने खोप सेवा,सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य,पोपण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधी,उपकरण तथा स्वास्थ्य सामाग्रीहरुको उचित व्यवस्थापन गरिने छ ।

आदर्श गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौंधानगरदह,डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

- खोप सेवा,सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य,पोषण जस्ता जनस्वास्थ्यसंग सम्वन्धित आधारभुत सेवा सुविधालाई प्रभावकारी वनाउन महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गरिने छ ।
- सार्वजनिक तथा सामुदायिक विद्यालयको मर्मत सुधार ,फर्निचर तथा भौतिक विकास सम्वन्धी कार्यक्रममा सहयोग पुऱ्याउदै यस्ता कार्यक्रम संचालन गर्दा नेपाल सरकारले तोकेको मापदण्डलाई पुर्णरुपमा पालना गर्न उत्प्रेरित गरिने छ ।
- गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई परिचालन गरी मातृशिशु स्वास्थ्य एवं सुनौला हजार दिनका आमा र शिशूको स्वास्थ्यलाई ध्यान दिने निति अगाढि वढाइने छ ।
- स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार ल्यावको व्यवस्था गरिएको र फार्मेसी सेवाको व्यवस्थाको लागि आवश्यक पहल गरिने छ ।
- अध्यक्षसंग जेष्ठ नागरिक कार्यक्रम अन्तर्गत दीर्घरोगी र जेष्ठ नागरिकहरुलाई आवश्य पर्ने सेवाहरु घरमै गएर सेवा प्रदान गरिनछ र मोतिविन्दू भएका व्यक्तिहरुलाई गेटा आँखा अस्पतालसंग समन्वय गरि आँखा शिविर कार्यक्रम सञ्चालन गरिने छ ।
- व्यवसायमूलक शिक्षाको अवधारणा आजको आवश्यकतालाई आत्मसात गरि प्राविधिक शिक्षालयको स्थापना गरिने छ ।
- गाउँपालिकावाट सवै वर्थिङ सेन्टरमा काम गर्ने अ.न.मि.हरुलाई SBA तालिम उपलव्ध गराई शूरक्षित प्रशुती सेवा दिइने छ र उक्त तालिम लिए पश्चात कम्तिमा ३ वर्ष सम्बन्धीत स्वास्थ्य संस्थामा अ.न.मि.हरुले अनिवार्य काम गर्नु पर्ने कवुलियतनामा पेश गर्नु पर्ने प्रक्रियालाई अघि वढाईने छ ।
- डेन्टल सम्वन्धी कार्यक्रम सञ्चालन गरिने छ ।
- शिक्षाको स्तरोन्नतीका लागि पालिकास्तरिय गाउँपालिकाका सबै सामुदायिक विद्यालयहरुका प्र.अ.संग कार्य सम्पादन सम्झौता गरिने छ ।
- विद्यालयस्तरका परीक्षालाई मर्यादित र विश्वसनिय र शैक्षिकस्तर वृद्धिका लागि अन्तरविद्यालय परीक्षा सञ्चालन गरिने छ ।
- वाल विकास केन्द्रहरुलाई आवश्यकता अनुसार आधारभूत सुविधा उपलव्ध गराईने छ ।
- स्वास्थ्य संस्थामा निशुल्क गर्भपतन सेवा सञ्चालन तथा घरघरमा पानी शुद्धिकरण गर्नको लागि पियुष कार्यक्रम सुरुवात गरिने छ ।
- स्वास्थ्य क्षेत्रमा रहेका निजि क्लिनिक ,पोलिक्लिनिकहरुलाई व्यवस्थित र दर्ताको प्रकियामा ल्याइने छ ।
- स्वास्थ्य कार्यक्रम अन्तर्गत आमा सुरक्षा कार्यक्रममा दिदै आएको यातायात र उत्प्रेणा भत्ता कायम गर्ने निति रहेको छ ।
- गाउँपालिकालाई प्लास्टिक मुक्त गाउँपालिका बनाउनको लागि लघु उद्यम शाखाको समन्वयमा प्लास्टिक रहित झोला निर्माण गर्ने कार्यको लागि आवश्यक सामाग्री खरिद भईसकेको हुँदा तालिम सञ्चालन गर्नको लागि आवश्यक पहल गरिने छ ।
- दीर्घरोगीहरु (क्यान्सर,मृगौला,मुटु रोगी) लाई आर्थिक सहयोग उपलव्धको कार्यलाई निरन्तरता दिईने छ ।
- गा.पा.ले प्राविधिक शिक्षा अध्यन गर्ने विद्यार्थीहरुलाई सहयोग गरे वापत गाउँपालिकामा कम्तिमा छ महिना अनिवार्य सेवा गर्ने कवुलियतनामा गराइने छ ।

आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भीमानगरदह,डोटी सुदूरपश्चिम प्रदेश,नेपाल २०७३



CamScanner

- गाउँपालिका अन्तरगत रहेका ऐतिहासिक,धार्मिक तथा पर्यटकिय स्थलहरुको पहिचान गर्नको लागि आवश्यक पहल गरिने छ ।
- कोल्ड स्टोरेजको लागि सम्भ्यावता अध्यनको कार्यलाई अघि वढाईने छ ।
- निजि रुपमा सञ्चालित मेडिकलवाट दिईने स्वास्थ्य सेवालाई निरुत्साहित गरि सरकारी स्वास्थ्य संस्थावाट उपलव्ध गराईने सेवालाई प्राथमिकताको निति अवलम्वन गरिने छ ।
- खेलकुद बिकासका लागी खेलकुदसंग सम्वन्धित सघ संस्थाहरु संगको समन्वय र सहकार्यमा गाउँपालिका स्तरीय  खेलकुद प्रतीयोगिता संचालन गर्न खेलकुद मैदान निर्माण गरिनेछ । साथै खेलकुद  बिकासका कार्यक्रमहरु संचालनका लागि गाउँपालिकाको केन्द्र विन्दुमा पालिकास्तरिय खेलकुदका कार्यक्रमलाई अगाढि वढाईनको लागि खलकुद रंगशाला निर्माण गरिने छ ।
- बिपन्न र पछाडी पारीएका व्यक्तिहरुका लागी आय आर्जन सम्वन्धी सीपमुलक कार्यक्रम (गारमेन्ट, होजीयारी) उद्यमशीलता विकास गर्ने कार्यक्रम सहित एक वडा एक उद्यमशीलता दूध उत्पादन, तरकारी फलफुल र नगदेवाली पकेट क्षेत्र कार्यक्रम संचालन गरिने छ ।
- महिला,दलित,अपाङ्ग तथा विपन्न वर्गहरुलाई हरेक क्षेत्रमा सहभागीताका लागी विभिन्न सशक्तिकरण कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- स्थानीय स्तरमा आय आर्जनमूलक घरेलु साना उद्योग (आफर,सिलाइ) लाई प्रोत्साहन दिनको लागि आवश्यक सहयोग उपलव्ध गराइने छ । साथै चप्फल जुत्ता काराखानामा उत्पादित चप्पल जुत्ताको वजारीकरणको सुनिश्चतता गरिने छ ।
- यस आदर्श गाउँपालिकालाई आगामि समयमा कुपोषण  मूक्त गरी पोषण यूक्त गाउँ वनाउन स्वास्थ्य,शिक्षा,कृषि,पशुसेवा,खानेपानी तथा सरसफाई महिला तथा वालवालिका र संस्थागत सुशासनको क्षेत्रमा वहुक्षेत्रीय पोषण योजनालाई उच्च प्राथमीकता दिई कार्यान्वयनमा ल्याइने छ ।
- गाउँपालिका क्षेत्र भित्रका ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरु र धार्मिक क्षेत्रहरुको संरक्षण तथा बिकासमा जोड दिईने छ ।
- आदर्श गाउँपालिका अन्तर्गत माध्यमिक विद्यालयमा अध्यनरत छात्राहरुलाई वलात्कारजन्य घटनावाट वच्न आत्मरक्षा सम्वन्धी अतिरिक्त कक्षालाई निरन्तरता दिईने छ ।
- कृषि क्षेत्रको विकास गर्न आदर्श गाउँपालिका अन्तर्गत रहेका घोषित पकेट एरिया र अन्य क्षेत्रहरुमा आवश्यकता अनुसार माटो परिक्षण गरिने प्रक्रियालाई अघि बढाईने छ ।
- प्र.अ.विद्यालय व्यवस्थापन समितिलाई विभिन्न विज्ञहरुसंग परामर्शको माध्यमवाट पठन पाठनमा क्षमता अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- अनिवार्य विद्यालय भर्ना अभियान एवं व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई वडामा अभियानको रुपमा संचालन गरिने छ । जातीय छुवाछुत लगायत भेदभाव उन्मुलन गर्ने किसिमका अभियानमूलक कार्यक्रमहरु सञ्चालन गर्ने निति लिईएको छ ।
- विगतमा भईरहेका कार्यहरु र अनुउत्पादक क्षेत्रको लगानीलाई कटौती गरि कृषि,गैह्रकृषि लगायत उत्पादनमूलक कार्यमा लगानी वृद्धि गरिने छ ।
- नागरिकहरुलाई नैतिकवान एवं चरित्रवान बनाउनको लागि आवश्यक संस्कारयुक्त शिक्षालाई जोड दिईने छ ।
- समाजमा विद्यमान रहेका कुरिती छाउपडी प्रथा,वालविवाह, छुवाछुत, घरेलु हिंसा,जातिय विभेद तथा वालदुर्व्यवहार जस्ता कुरालाई निरुत्साहित गर्नका लागि विगतका अभियानमूलक कार्यको निरन्तरता संगै साझा अभियानमुलक कार्यक्रम तर्जुमा गरिने छ ।

आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बोगटान, डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७४



CamScanner

- गाउँपालिका क्षेत्रमा रहेको विद्यार्थी संख्या न्युन रहेको विद्यालयहरुलाइ आवश्यकता अनुसार समायोजन गरी विद्यालयको संख्या घटाई गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न अंग्रेजी माध्यमको पढाई हुने कार्यलाई प्राथमिकता दिईने छ।
- SEE र कक्षा १२ उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई पुरस्कृत गरिनुका साथै अध्यन गरेको विद्यालयलाई पनि सम्मान गरिने छ।
- आदर्श गाउँपालिका भित्र वसोबास भएका वेरोजगार जनशक्तिलाई भारत तथा अन्य वाह्य मुलूक जान रोक्नको लागि गरिवसंग गाउँपालिका स्वरोजगार कार्यक्रम लागु गरि स्वदेशमै बसेर कृषि,निर्माण तथा उत्पादनमुलक क्षेत्रमा आवश्यकता र सीपका आधारमा स्वरोजगार वन्न प्रेरित गराईने छ।
- आदर्श गाउँपालिका भित्र वसोवास भएका विपन्न गरिव,विपन्न महिला,पिछडिएको वर्गहरुका जेहन्दार विद्यार्थीहरुले प्राविधिक विषय,पाइलट,डाक्टर (चिकित्सासास्त्र).अध्यन गर्न चाहेको खण्डमा आवश्यक मापदण्डको आधारमा गाउँपालिकाबाट सहयोगको नितिलाई निरन्तरता दिईने छ।
- महिलाहरुको जिवनस्तरमा सुधार गर्न उपाध्यक्ष संग महिला सशक्तिकरण कार्यक्रमलाई निरन्तरता दिईने छ।
- आवश्यक मापदण्ड अनुसार आदर्श गाउँपालिका अन्तरगतका रहेका एउटा वडामा एक विद्यालयलाई नमुना विद्यालय वनाई विद्यालयका प्र.अ. तथा व्यवस्थापन समितिका पदाधिकारीहरुलाई क्षमता अभिवृद्धि तालिम उपलव्ध गराईने छ।
- किसानले उत्पादित गरेका वस्तुहरुको वजारिकरणको व्यवस्थापन गर्न गाउँपालिकावाट टयाक्टरको व्यवस्थापन गरिने छ साथै टयाक्टरको ढुवानीमा लाग्ने इन्धन खर्च सम्वन्धीत किसानले उपलव्ध गराउनु पर्ने छ।
- स्वच्छ हराभरा वातावरण व्यवस्थापनका लागि वनजंगल कटानी फडानी तथा आगलागि पूर्णरुपमा नियन्त्रण गर्न आवश्यक सचेतनमूलक कार्यहरु अघि वढाईने छ ,
- स्थानीय कच्चा पदार्थवाट अचार तथा खाद्येवस्तु उत्पादन सम्बन्धि तालिम सञ्चालन गरिने छ।
- सम्पूर्ण वडा कार्यालय जोडने गरि सडकको स्तरोन्नती निर्माण कार्यलाई अघि वढाईने छ।
- गाउँपालिका भित्र हुने गरेका छाडा चौपायाहरुलाई नियन्त्रण गर्न आवश्यक पहल गरिनेछ।
- गाउँपालिका अन्तर्गत प्रत्येक वर्ष नमुना गाउँको अवधारणालाई जोड दिईने छ।
- गाउँपालिका भित्रका स्थानीय बासिन्दाद्धारा निर्माण गरिने आवासिय घरहरुलाई पालिकामा नक्सा पास गरि भुकुम्प प्रतिरोधी घर वनाउनको लागि आवश्यक कार्यविधि निर्माण गरि आर्थिक सहयोग गरिने छ
- ।

(ग) **पुर्वाधार बिकास** :गाउँपालिकाका प्रमुख पूर्वाधार विकासका लागि आवश्यकता अनुरुप बजेट बिनियोजन गरिएको छ। अधूरा आयोजनाको निरन्तरता र नयां आवश्यक पुर्वाधार निर्माणलाई प्राथमिकता दिइएको छ।

- :गाउंपालिका क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागी आवश्यक समपुरक कोष,मर्मत सम्भार कोष तथा आकस्मिक मर्मत/निर्माण कोषको व्यवस्थापन गरि पुर्वाधारको स्तर बृद्धिका लागि वजेटको व्यवस्था तथा सडकहरुको स्तरोन्नती गर्दै लगिने कार्यकमलाई निरन्तता दिईने छ।
- गौरवका योजनाहरु मागको लागि संघ तथा प्रदेश मार्फत अनुरोध गरिने छ र डिपिआर अनुसारको योजनाको कार्यलाई अघि वढाई दिगो विकासको लक्ष्यलाई अवलम्बन गरि योजना निर्माणमा विशेष ध्यान दिईने छ।



आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवानगरद्ध, डोटी सुदुरपश्चिम प्रदेश नेपाल २०७४

CamScanner

- गाउँपालिका क्षेत्रमा रहेको विद्यार्थी संख्या न्युन रहेको विद्यालयहरुलाइ आवश्यकता अनुसार समायोजन गरी विद्यालयको संख्या घटाई गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न अंग्रेजी माध्यमको पढाई हुने कार्यलाई प्राथमिकता दिईने छ ।
- SEE र कक्षा १२ उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई पुरस्कृत गरिनुका साथै अध्यन गरेको विद्यालयलाई पनि सम्मान गरिने छ ।
- आदर्श गाउँपालिका भित्र बसोबास भएका वेरोजगार जनशक्तिलाई भारत तथा अन्य वाह्य मुलूक जान रोक्नको लागि गरिवसंग गाउँपालिका स्वरोजगार कार्यक्रम लागु गरि स्वदेशमै वसेर कृषि,निर्माण तथा उत्पादनमुलक क्षेत्रमा आवश्यकता र सीपका आधारमा स्वरोजगार वन्न प्रेरित गराईने छ ।
- आदर्श गाउँपालिका भित्र वसोवास भएका विपन्न गरिव,विपन्न महिला,पिछडिएको वर्गहरुका जेहन्दार विद्यार्थीहरुले प्राविधिक विषय,पाइलट,डाक्टर (चिकित्सासास्त्र). अध्यन गर्न चाहेको खण्डमा आवश्यक मापदण्डको आधारमा गाउँपालिकावाट सहयोगको नितिलाई निरन्तरता दिईने छ ।
- महिलाहरुको जिवनस्तरमा सुधार गर्न उपाध्यक्ष संग महिला सशक्तिकरण कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- आवश्यक मापदण्ड अनुसार आदर्श गाउँपालिका अन्तरगतका रहेका एउटा वडामा एक विद्यालयलाई नमुना विद्यालय वनाई विद्यालयका प्र.अ. तथा व्यवस्थापन समितिका पदाधिकारीहरुलाई क्षमता अभिवृद्धि तालिम उपलव्ध गराईने छ ।
- किसानले उत्पादित गरेका वस्तुहरुको वजारिकरणको व्यवस्थापन गर्न गाउँपालिकावाट टयाक्टरको व्यवस्थापन गरिने छ साथै टयाक्टरको ढुवानीमा लाग्ने इन्धन खर्च सम्वन्धीत किसानले उपलव्ध गराउनु पर्ने छ ।
- स्वच्छ हराभरा वातावरण व्यवस्थापनका लागि वनजंगल कटानी फडानी तथा आगलागि पूर्णरुपमा नियन्त्रण गर्न आवश्यक सचेतनमूलक कार्यहरु अघि वढाईने छ ,
- स्थानीय कच्चा पदार्थबाट अचार तथा खाद्येवस्तु उत्पादन सम्बन्धि तालिम सञ्चालन गरिने छ ।
- सम्पूर्ण वडा कार्यालय जोडने गरि सडकको स्तरोन्नती निर्माण कार्यलाई अघि वढाईने छ ।
- गाउँपालिका भित्र हुने गरेका छाडा चौपायाहरुलाई नियन्त्रण गर्न आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका अन्तर्गत प्रत्येक वर्ष नमुना गाउँको अवधारणालाई जोड दिईने छ ।
- गाउँपालिका भित्रका स्थानीय बासिन्दाद्धारा निर्माण गरिने आवासिय घरहरुलाई पालिकामा नक्सा पास गरि भुकुम्प प्रतिरोधी घर बनाउनको लागि आवश्यक कार्यविधि निर्माण गरि आर्थिक सहयोग गरिने छ
- ।

ग) **पुर्वाधार बिकास :**गाउँपालिकाका प्रमुख पूर्वाधार विकासका लागि आवश्यकता अनुरुप बजेट बिनियोजन गरिएको छ । अधूरा आयोजनाको निरन्तरता र नयां आवश्यक पुर्वाधार निर्माणलाई प्राथमिकता दिइएको छ ।

- :गाउँपालिका क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागी आवश्यक समपुरक कोष,मर्मत सम्भार कोष तथा आकस्मिक मर्मत/निर्माण कोषको व्यवस्थापन गरि पुर्बाधारको स्तर बृद्धिका लागि वजेटको व्यवस्था तथा सडकहरुको स्तरोन्नती गर्दै लगिने कार्यकमलाई निरन्तता दिईने छ ।
- गौरवका योजनाहरु मागको लागि संघ तथा प्रदेश मार्फत अनुरोध गरिने छ र डिपिआर अनुसारको योजनाको कार्यलाई अघि वढाई दिगो विकासको लक्ष्यलाई अवलम्बन गरि योजना निर्माणमा विशेष ध्यान दिईने छ ।



आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवानगरद्, डोटी सुदुरपश्चिम प्रदेश नेपाल २०७४

- गाउँपालिका अन्तरगत भुक्षय नुहुने किसिमले सडक निर्माण कार्यमा जोड दिईने छ तथा वायो इन्जिनियरिङ्ग गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।
- तोकेको मापदण्ड बमोजिम भूकुम्प प्रतिरोधात्मक घर निर्माण गर्नेलाई गाउँसभावाट सम्मान तथा पुरस्कृत गराईने छ ।
- गाउँपालिका भित्रका बिजुली वत्ति नपुगेका गिरिचौका र नपुगेका अन्य गाउं बस्तिलाई बिजुली वत्ति पुगाउन उच्च प्राथमिकता दिइने छ ।
- विषेशत ठूला पूर्वाधार योजनाहरु प्रदेश सरकार संघीय सरकारको आर्थिक सहयोगमा साझेदारी निति अपनाई अगाढि बढाईने छ ।
- आकस्मिक रुपका गरिने कार्यक्रमहरुको लागि प्रक्रिया बमोजिम आकस्मिक कोषको व्यवस्था गरिने छ ।
- योजनाहरु छनौट गर्दा लागत अनुमानको आधारमा छनौट गरिने र योजनाको मर्मत सम्भारको जिम्मा उपभोक्ता समितिलाई दिने निति अवलम्वन गरिनेछ ।
- आदर्श गा.पा. वडा नं.७ र वडा नं.६ को विचमा पर्ने साइलीगाडमा पक्की पुल र वडा नं.६ अन्तर्गत पर्ने वैतडी र ववािना जोडने झोलुङ्गे पुल निर्माणका लागि सम्वन्धीत निकायमा पहल गरिने छ ।
- विभिन्न संघसंस्थाहरुको समन्वयमा उर्जा सम्वन्धीका योजना तथा कार्यक्रहरु निर्माण यथोचित वजेट विनियोजन गरिने छ ।

ञ. **घर नक्सा पास :**

- गाउँपालिकामा सरकारी, गैरसरकारी, भवन निर्माण गर्दा नक्सा पास गर्ने प्रणालीलाई निरन्तर अवलम्वन गरिनेछ ।
- निर्माणको कममा रहेको वा अव नयां वन्ने भवनहरुलाई **"एकघर पाँच बिरुवा"**को निती अवलम्वन गरिनेछ ।
- गाउँपालिकाको क्षेत्र भित्र अव वन्ने प्रत्येक सार्वजनिक तथा सरकारी भवनलाई अपाङ्ग मैत्री र वाल मैत्री वनाउन प्रोत्साहन गरिनेछ ।
- पुराना घरहरुको अभिलेखिकरण तथा नया घर दर्ता गर्ने प्रकृयालाई लागु गरिनेछ ।
- भूकुम्प प्रतिरोधात्मक घर निर्माण गर्ने व्यक्तिहरुलाई प्रोत्साहन गरिने छ ।
- गाउँपालिका क्षेत्र भित्र घर निर्माण गर्दा गाउँपालिका संग अनुमती लिएर मात्र निर्माणको प्रक्रिया अगाढि वढाउनु पर्ने अन्यथा पालिका वाट पाउने सेवा सुविधा कटौती गरिने छ ।

(घ) **वन,वाताबरण तथा विपद व्यवस्थापन :**विपद् रोकथाम तथा न्यूनिकरणको लागि पूर्व तयारी,प्रतिकार्य र पुनर्लाभका कार्यक्रमहरु सञ्चालन गर्न स्थानीय विपद् कोषमा आवश्यक वजेटको व्यवस्था गरिने छ । विपद ब्यबस्थापनका लागि थप आवश्यक कार्य समेत गरिने भएको छ ।

- गाउँपालिका क्षेत्र भित्रका मुख्य सडकहरुको दायां वायां हरियाली एवं सौन्दर्य वढाउन बृक्षारोपण एवं संरक्षणका कार्यक्रमहरु अगाडि वढाईने छ ।
- वैज्ञानिक पद्धतीवाट वन जंगलको संरक्षण तथा सुकेका पानीका मुहानहरु पुर्नजिवित गर्नको लागि प्राकृतिक श्रोत संरक्षण तथा जलाधार व्यवस्थापन कार्यलाई प्राथमिकता दिईनेछ र केहि विशेष क्षेत्रलाई छनौट गरि जलाधार संरक्षण क्षेत्र नमुनाको रुपमा अगाढि बढाइने छ ।
- सरकारी वन र सामुदायिक वन संरक्षण गर्ने निति अवलम्बन गरिने छ ।



आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवानगरघट,डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३

CamScanner

- आगामी आ.व. देखि आदर्श गाउँपालिका अन्तर्गत जंगल मासेर वा प्रति जग्गा अतिक्रमण गरेर घर टहरा निर्माण गर्ने क्रियाकलापलाई निरुत्साहित गरिने छ ।
- पूर्वाधार विकासका कियाकलापहरु सञ्चालन गर्दा विपद जोखिम संवेदनशिलतालाई केन्द्रविन्दूमा राखि कार्यान्वयन सघाउ पुग्ने गरि डिजाइन तथा ईष्टिमेट गर्ने व्यवस्था मिलाइने छ ।
- गाउँपालिका क्षेत्रलाई खुला दिशा मुक्त गरिसकेको र गाउँपालिकाका अधिकांस घरमा पूर्ण सरसफाई प्रवद्धर्न गर्नका लागी सरसफाई कार्ड वितरण गरि पुर्ण सरसफाई अभियानलाई निरन्तरता दिईने छ ।
- सडक अतिकमण गरी निर्माण गरेका घर, टहराहरु हटाउनका लागी सडक सिमानाको पुनःनिर्धारण गरि हटाउने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईने छ ।
- वन जंगलको संरक्षण तथा सम्वर्द्धन गर्नको लागि वन कार्यालय संग आवश्यक समन्वय गरिने छ ।

**न्यायिक समितिः**

१ न्यायिक समितिवाट मुद्दा मामिलाहरुको सुनुवाई, सहजिकरण, फैसला गर्ने कार्य नियमित रुपमा गरिनेछ । न्यायिक समितिका सवै गतिविधिहरुलाई डिजिटाइजेसन गरि अभिलेख राखिनेछ । वडास्तरमा मेलमिलापकर्ता मार्फत विवाद सहजिकरण गरिनेछ ।

२ न्यायिक समितिलाई थप क्रियाशिल वनाई प्रभावकारी वनाउन सचेतनामुलक कार्यक्रमहरु संचालन गर्नुका साथै कानूनी सल्लाहकारको प्रभावकारी परिचालन गरिनेछ ।

३ सामुदायिक मेलमिलाप केन्द्रलाई व्यवस्थित वनाउँदै सवै वडा कार्यालयहरुमा स्थापना भै संचालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नति गरि विवाद निरुपण कार्यलाई थप प्रभावकारी वनाइनेछ।

४ सामुदायिक मेलमिलापकर्ताहरुलाई प्रोत्साहनको व्यवस्था मिलाईनेछ ।

५ न्यायिक समितिवाट निर्णय/मेलमिलाप भएका विवादहरुको कार्यान्वयन कडाईका साथ गर्न आवश्यक ऐन निर्माण गरि लागु गरिनेछ ।

६ विवाद समाधानका वैकल्पिक उपाय एवं मेलमिलाप सम्वन्धी विद्यमान प्रक्रियालाई थप स्पष्टता साथ अगाडी वढाइनेछ ।

७ मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

८ गाउँपालिकाद्वारा जारी गरिएको न्यायिक समिति कार्यविधि, ऐन, कानुनहरुको आवश्यकता अनुसार संसोधन, परिमार्जन तथा एकीकरण गरिनेछ।

९ न्यायिक निरुपणमा संलग्न सामुदायिक मेलमिलापकर्ताहरुको आवश्यकता अनुसार गठन पुर्नगठन गरी जनप्रतिनिधि, कर्मचारी र मेलमिलापकर्ताको सहजिकरणको लागि अन्तरक्रिया प्रशिक्षण जस्ता कार्यक्रमहरु संचालन गरि जनस्तरमा न्यायिक सचेतनाको कार्यक्रम संचालन गरिनेछ ।

**च) महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा :**

१. गाउँपालिका भित्र रहेका सामाजिक भेदभाव, छुवाछुत, सामाजिक कुरिती, अन्धविश्वास, लैङ्गियक तथा जातीय विभेद र हिंसाका घटनाहरु न्यूनिकरणको वहस, पैरवी तथा चेतनामुलक अभियान सम्बन्धी कार्यक्रम गाउँपालिका तथा वडास्तरमा समेत संचालन गरिनेछ ।

आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवानगरदह, डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७४

२. गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणाका लागि आवश्यक पूर्व तयारीका कार्यक्रमहरु संचालन गरिनेछ र विशेष गरि वडा नं.७,१ र २ लाई वडास्तरिय बालमैत्री घोषणा कार्यक्रम यसै आ.व.मा गर्नको लागि पहल गरिने छ। बाल विवाह र बहुविवाहलाई निरुत्साहित गर्न विभिन्न किसिमका अभियान एवं चेतनामुलक कार्यक्रम संचालन गरिनेछ

३. गाउँपालिका भित्रका बालबालिकाहरुको क्षमता अभिवृद्धि गर्नको लागि सम्वद्ध सामुदायिक रेडियो तथा पत्रकार महासंघसँग समन्वय गरी बाल पत्रकारीता तालिम संचालन गरिनेछ ।

४. किशोरीहरुलाई प्रजनन शिक्षाको बारेमा अभिमुखिकरण कार्यक्रम तथा आत्म रक्षा तालिम सञ्चालन गरिनेछ ।

५. बालविवाहको रोकथाम तथा अन्त्यको लागि बालबालिका लक्षित सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

६. गाउँपालिका भित्र अनाथ बालबालिका, शारीरिक अपाङ्गता, वौद्धिक अपाङ्गता, मानसिक सन्तुलन गुमाएका तथा वृद्ध वृद्धाको उचित व्यवस्थापन तथा स्याहारको लागि राहत रकम उपलब्ध गराउने, आवश्यक सेवा केन्द्र सञ्चालन गर्न संघ संस्थासँग समन्वय तथा सहयोग गर्ने नितिलाई निरन्तरता दिइनेछ ।

७. जोखिममा पारेका बालबालिकालाई उद्धार तथा सहयोगको लागि आपतकालिन बाल कल्याण कोषलाई निरन्तरता दिईनेछ ।

८. अपाङ्गता भएका व्यक्तिहरुको तथ्याकं अद्यावधिक गरी अपाङ्ग सहायक सामांग्री वितरण गरिनेछ । साथै उनीहरुको जिविकोपार्जनमा सहयोग पुर्याउंने गरी अपाङ्ग सिप विकास तालिम र विउ, पुजी वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९. महिला हिंसा अन्त्य तथा न्यूनिकरण सम्वन्धी सचेतनामुलक कार्यक्रमहरु लागु गरिनेछ ।

१०. महिलालाई उत्पादन र आय आर्जन सँग जोड्न उनीहरुको सीप र क्षमता विकास गर्नको लागि महिला लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

११.महिला अधिकार एवं हकहित र संरक्षणमा जोड दिईनेछ।

१२. जेष्ठ नागरिकहरुको हकहित संरक्षण र सर्म्वद्धन तथा सहज सम्मानजक जिवन यापनका लागि कार्यक्रम सञ्चालन र सहजिकरण गरिने छ।

१३. हरेक नितिगत निर्माण एवं विकासका पूर्वाधार निर्माणमा अनिवार्य रुपमा महिलाहरुको सुनिश्चितता गरिने छ।

१४. महिला स्वरोजगार एवं सिपमूलक लघु उद्यमसिलता कार्यक्रमहरुलाई शसक्त रुपमा अघि वढाईने छ।

१५.लैगिंक दृष्टिकोणवाट पछाडि परेका महिलाहरुको क्षमता विकास अभिवृद्धीमा विशेष जोड दिईने छ।

१६. आदर्श गाउँपालिका भित्र गठन गरिएका वालकवहरु प्रभावकारी वनाउने र वालमैत्री स्थानीय शासन कार्यान्वयवन कार्यविधि वमोजिमका क्रियाकलापहरु सञ्चालन गरिने छ।

१७. जनप्रतिनिधि र शाखा प्रमुखहरुलाई कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्वन्धी तालिम संचालन गरिनेछ।

१८. जनप्रतिनिधि र शाखा प्रमुखहरुको लागि योजना तर्जुमा र सुशासन सम्बन्धी तालिम सञ्चालन गरिनेछ।



आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौलानगरबहुटी सुदूरपश्चिम प्रदेश नेपाल २०७२

१९. स्थानीय तहका महिला जनप्रतिनिधिहरुको लागि नेतृत्व सिप विकास सम्वन्धी तालिम संचालन गरिनेछ ।

२०. महिलासँग उपाध्यक्ष कार्यक्रमको निरन्तरता दिईनेछ ।

२१. किशोरीसँग उपाध्यक्ष कार्यक्रम मार्फत किशोरीहरुलाई सशक्तिकरण सम्वन्धी विभिन्न कार्यक्रम गरिनेछ ।

२२. आर्थिक रुपले विपन्न परिवार गरिब,जेहेन्दार,दलित,टुहुरा वालवालिकाहरुलाई राहात स्वरुप आवश्यक व्यवस्था गरिने छ ।

**(छ) संस्थागत बिकास तथा सेवा प्रवाह र सुशासन** : गाउँकार्यपालिका कार्यालयका कर्मचारी, जनप्रतिनिधी, नागरिक समाज, बिकास साझेदार, गैरसरकारी संस्थाहरु संगको सहकार्य र समन्वयमा जोड दिइएको र उक्त कार्य सञ्चालनको लागि आबश्यक रकम विनियोजन गरी उक्त कार्य गर्न निम्न नीति र कार्यक्रम अख्तियार गरिएको छ ।

- सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सवल वनाउन वडा तह सम्म योजना तर्जूमा सम्वन्धी क्षमता अभिवृद्धि गर्ने कार्यकम संचालन गरिने छ ।
- गाउँपालिकाको आर्थिक श्रोत सुदृढ पार्न आन्तरिक श्रोत वृद्धि गर्नु पर्ने भएको हुँदा सबैभन्दा वढि राजस्व उठाउने वडा कार्यालयलाई सम्मान गरिने छ ।
- गाउँकार्यपालिकाको कार्यालय,वडा कार्यालय तथा विषयगत शाखा वा एकाईको सेवा प्रवाहलाई सूचना मैत्री वनाउने व्यवस्था गरिने छ ।
- सेवा प्रवाहको लागि आवश्यक पर्ने न्युनतम प्रशासनिक खर्चको लागि वजेट विनियोजन गरि प्रशासनिक संरचना र कार्यलाई मितव्ययी वनाउन अनुत्पादक खर्चहरु कटौती गरिने छ ।
- सचेतनामूलक तथा आयमूलक क्रियाकलापहरु कार्यान्वयन गर्न निजी क्षेत्र,स्थानीय तहमा कार्यरत गैरसरकारी संस्था,सहकारी संस्था तथा स्थानीय सामुदायिक संस्थाहरुलाई परिपुरक भुमिकामा परिचालन गर्ने निति लिईने छ ।
- सञ्चार क्षेत्रको विकास गर्न आगामि दिनमा सञ्चार माध्यमलाई प्रवर्द्धन गरिने छ र स्थानीय क्षेत्रमा रहेका सञ्चारकर्मीहरुलाई क्षमता अभिवृद्धि गराउनको विशेष जोड दिईने छ ।
- गैह्र सरकारी संस्थाहरुबाट गरिने कार्यकमहरु स्थानीय तहको स्वीकृती विना सञ्चालन नगरिने निति अवलम्वन गरिने छ ।
- योजनाको कार्यान्वयन तथा व्यवस्थापन प्रणाली व्यवस्थित वनाउनको लागी उपभोक्ता समितिका पदाधिकारीलाई योजना कार्यन्वयन पूर्व नै आवश्यक तालिम प्रदान गरिने छ ।
- विभिन्न लक्षित वर्गहरुको क्षमतामा अभिवृद्धिका लागी क्षमता अभिवृद्धि सम्बन्धी कार्यकम संचालन गरि सेवा प्रवाहलाई गुणस्तरीय तथा प्रभावकारी वनाउन गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरुलाई श्रोत साधनमा पूर्णता दिईने छ ।
- सार्वजनिक परिक्षण, सामाजिक लेखा परिक्षण, सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापहरुको माध्यमबाट सुशासन र पारदर्शिता अभिवृद्धि हुने भएकोले उक्त कार्यलाई अनिवार्य गराइने छ ।
- गाउँपालिका तथा वडा कार्यालयहरुवाट प्रवाह गरीने सेवा अझ व्यवस्थित बनाउनका लागी कम्प्युटरिकृत स्वचालित पद्धतिको अवलम्वन गर्दै लगिने छ ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन गर्न कार्य सम्पादनका आधारमा पुरष्कृत तथा सजायको व्यवस्था गरिने छ ।
- प्रभावकारी रुपमा सेवा प्रवाह गर्न कर्मचारी तथा पदाधिकारीहरुका लागि आवश्यक क्षमता विकासका क्रियाकलापहरु सञ्चालन गरिने छ ।

- गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित बनाउन डिजीटल सुचना प्रणाली लागु गरिने छ।
- गाउँपालिकामा आवश्यक निति, कार्यविधि, निर्देशिका तथा ऐनहरु निर्माण गरिने छ।
- आर्थिक पारदर्शिता र भष्ट्राचार न्युनिकरणमा विशेष जोड दिईने छ।
- गाउँपालिकाको आन्तरिक श्रोत वृद्धि गर्नको लागि करका दर दायरा निर्धारण गरिने छ।
- कर्मचारीहरुलाई आवश्यकता अनुसार जिम्मेवारी हेरफेर गराइनेछ र अनुशासनको पालना नगर्ने र आफ्नो काम प्रति लापरवाही गर्ने कर्मचारीलाई आगामि आ.व.मा आवश्यक कारवाही गरिने छ।
- निड्स नेपालसंगको साझेदारीमा विपन्न वैदेशिक रोजगारवाट फर्किएका आप्रवासीका परिवारका सदस्यलाई सिपमूलक तालिम र आय आर्जनका लागि सहयोग र साना सिंचाइ कार्यक्रम लागु गरिने छ। साथै निड्स नेपालको सहयोगमा सुर्क्षित आप्रवासन तथा आर्थिक विकासका कार्यक्रमहरु समेत लागु गरिने छ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई अझ सरल र पारदर्शी वनाउन राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको परिपत्र वमोजिम राष्ट्रिय परिचय पत्र सहितको अनिवार्य वायोमेट्रिक सिष्टम लागु गरिने छ।
- गाउँपालिकाका निर्णय प्रक्रिया पारदर्शि र सूचना प्रविधि मैत्री बनाउन हेलो आदर्श टोल फ्रि नं.,वडा र शाखाको एकिकृत ई हाजिरी तथा पालिकाको मोवाइल एवं सञ्चालनमा ल्याई smart पालिका वनाईने छ

**अन्य बिबिध कार्यक्रमहरुः :**

- छोटो समयमा बढी प्रतिफल र कम लगानीवाट वढी भन्दा वढी लाभ पुऱ्याउने र अधिकतम जनसहभागिता हुन सक्ने योजनालाई प्राथमीकता दिइने नितिलाई यथार्थ र प्रभावकारी वनाइने छ।
- स्वास्थ्य संस्थाको प्रेषण कार्डको आधारमा जेष्ठ नागरिक, गर्भवती महिला तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई एम्वुलेन्स सेवा निःशुल्क उपलव्ध गराईने छ।
- गाउँपालिकाको आवधिक योजना निर्माण कार्य गरिएकोमा सो अनुसार कार्यान्वयनमा जोड दिईने छ।
- योजनाको निर्माण कार्यलाई दिगो रुपले विकास गर्नको लागि उपभोक्ता समितिहरुलाई दर्ता प्रक्रियामा ल्याई प्रमाण पत्र उपलव्धको समेत व्यवस्था गरेर कार्यतालिका वमोजिम सम्झौता गरि उपभोक्ता समितिहरुलाई अभिमुखिकरण तालिम उपलव्ध कार्यलाई निरन्तरता दिईने छ।
- गाउँकार्यपालिका कर्मचारी,पदाधिकारीहरु,राजनैतीक दल तथा सरोकारवालाहरुको क्षमता विकास तथा गाउँपालिकाको संस्थागत विकास कार्यलाई सुदृढ गरिनेछ र उक्त कार्यको लागि प्रादेशिक प्रशिक्षण केन्द्र तथा अन्य संघसंस्था एवं सरोकारवाला निकाय संग समन्वय गरिने छ।
- कार्यालयवाट सम्पादन हुने जनताका दैनिक कार्यहरुलाई अझ जनमुखी छिटो छरितो (चुस्त दुरुस्त) पार्ने प्रयासका लागी शाखागत कार्य विभाजन,कर्मचारीको कार्य बिवरणको परिमार्जन गरी जिम्मेवारी वढाउने नीति लिईने छ।
- व्यवसाय कर असुली गरि आन्तरिक आय वढाउनका लागी पहल गरिने छ। साथै करको प्रतिफल करदाताले पाउने व्यवस्था अवलम्वन गरिने छ।
- विपन्न समुदायको आर्थिक विकास हुने खालका कार्यक्रमलाई प्राथमिकता दिईने छ।
- गाउँपालिकाका जेष्ठ नागरीकहरुलाई स्वास्थ्य शिविर मार्फत स्वास्थ्य उपचार गर्ने र पारिवारिक व्यवहार सुधार सम्वन्धी क्रियाकलाप एवं जेष्ठ नागरिक सम्मान गर्ने क्रियाकलापलाई निरन्तरता दिइने कार्यक्रम रहेको साथै विपन्न एकल महिला अती विपन्न परिवारहरुलाई आयआर्जनका क्रियाकलापमा सहभागि गराईने छ।
- एच आइ भी संक्रमित व्यक्तिको लागि निजहरुलाई आयआर्जन र स्वास्थ्य उपचार सम्बन्धी क्रियाकलापलाई निरन्तरता दिईने छ।
- आदर्श गाउँपालिका भित्र रहेका संघ संस्थाहरुलाई दर्ताको प्रक्रियामा ल्याई



आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवानगरदह, डोटी सुदुरपश्चिम प्रदेश नेपाल २०७३

- आ.व.२०८१/०८२ को रजिष्ट्रेसन प्रयोजनका लागि गाउँपालिकाको जग्गाको मूल्याकंन साविक वमोजिम यथावत कायम गरिने छ।
- अव्यवस्थित बसाइ,भूमिहिन भएका व्यक्तिहरुको लगत संकलन गरि व्यवस्थित वसाइको लागि भूमि व्यवस्थापन आयोगको समन्चयमा जग्गाधनी प्रमाण पूर्जा उपलव्धको लागि व्यवस्था गरिने छ।
- गाउँपालिका अन्तरगत रहेका सडकहरुको सुदृढीकरण एवं सडक सञ्जालको विस्तृत विवरणको लागि आवश्यक वजेटको व्यवस्था गरिने छ।
- गाउँपालिका अन्तरगत कक्षा १ देखि ५, कक्षा १ देखि ८ र कक्षा १ देखि १२ सम्मका विद्यालयहरुका प्र.अ.,शिक्षक,कर्मचारी तथा बाल विकास सहजकर्ताहरुको कार्य सम्पादनको मूल्याङ्कन गरि प्रत्येक वर्ष नगद पुरस्कार र उत्कृष्ट आदर्श गाउँपालिका शिक्षक कार्यक्रमलाई निरन्तरता दिईने छ।
- स्थानीय भाषाको संरक्षण एवं सम्वर्द्धन गर्नको लागि विद्यालयहरुमा स्थानीय पाठयक्रमको निर्माण कार्यलाई अघि बढाईने छ।
- गाउंपालिका अन्तरगतको जग्गाहरुलाई आवास क्षेत्र,वन क्षेत्र र कृषि क्षेत्र छुटयाई मालपोत कार्यालय तथा नापी कार्यालय डोटीसंग समन्वय गरि वर्गिकरण गरिने छ।
- आदर्श गाउँपालिकाको आ.व.२०८१/०८२ को अनुमानित आय तथा व्ययको विवरण:

| आय तर्फ | | | |
|---|---|---|---|
| क्र.सं. | शिर्षक | स्रोत | रकम रु. |
| १ | समानिकरण अनुदान | संघ | ९,०७,००,०००। (नौ करोड सात लाख) |
| २ | राजश्व वांडफाँड | संघ | १०,१४,००,०००। (दश करोड चौध लाख) |
| ३ | शसर्त अनुदान | संघ | २४,९१,६२,०००। (चौविस करोड एकानव्वै लाख वयासट्टी हजार) |
| ४ | विशेष पुजिगत अनुदान | संघ | ६५,००,०००। (पैसट्टी लाख) |
| ५ | समपुरक अनुदान | संघ | १,००,००,०००। (एक करोड) |
| ६ | समानीकरण अनुदान | प्रदेश | ७८,१७,०००। (अठहत्तर लाख सत्र हजार) |
| ७ | सवारी साधन कर (राजस्व वाडफाड) | प्रदेश | १९,१९,०००। (उन्नाईस लाख उन्नाईस हजार) |
| ८ | विशेष अनुदान | प्रदेश | ३५,००,०००। (पैतिस लाख) |
| ९ | समपुरक अनुदान | प्रदेश | १,२६,२६,०००। (एक करोड छब्विस लाख छब्विस हजार) |
| १० | शसर्त अनुदान | प्रदेश | ६४,३५,०००। (चौसट्टी लाख पैतिस हजार) |
| ११ | गत वर्षको मौज्दात | स्थानीय | ५०,००,०००। (पचास लाख) |
| १२ | आन्तरिक श्रोत | स्थानीय | ३५,००,०००। (पैतिस लाख) |
| | **कुल रकम** | | **४९,८५,५९,०००। (उन्पचास करोड पैचासी लाख उनासट्टी हजार)** |

| व्यय तर्फ | | |
|---|---|---|
| सशर्त अनुदान तर्फ | १. विषयगत शसर्त अनुदान तर्फ | २५,५५,९७,०००। (पच्चिस करोड पचपन्न लाख सतानब्बे हजार) |
| आन्तरिक श्रोत तथा राजश्व बाँडफाड तर्फ | २. पादाधिकारी पारिश्रमिक एवं कर्मचारी तलव भत्ता लगायतको | १०,६८,१९,०००। (दश करोड अठसट्टी लाख उन्नाईस हजार) |



आदर्श गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवानगरवड,डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३

| | | |
|---|---|---|
| | कार्यालय सञ्चालन सम्वन्धी चालु खर्च | |
| | ३. विषयगत शाखा तर्फ | २००००००। (दुई करोड) |
| | ४. समपुरक कोष . | २,२६,२६,०००। (दुई करोड छब्बिस लाख छब्बिस हजार) |
| बित्तिय समानीकरण संघ र प्रदेश | ५. गाउँस्तरीय एवं वडास्तरीय लगायत आयोजना कार्यक्रम तथा पुँजीगत खर्च तर्फ | ९,३५,१७,०००। (नौ करोड पैतिस लाख सत्र हजार) |
| **कुल अनुमानित खर्च रकम** | | **४९,८५,५९,०००। (उन्पचास करोड पैचासी लाख उनासट्टी हजार)** |

अन्तमा आफनो अमूल्य समय दिन् हुने गाउँसभाका सभाध्यक्षज्य् वडा अध्यक्षज्युहरु,गाउँकार्यपालिकाका सदस्यज्यूहरु,गाउँसभाका सदस्यज्यूहरुलाई धन्यवाद दिन चाहान्छु। यस गाउँ सभा सम्पन्न गर्नको लागि सहयोग गर्न अहोरात्र कार्यमा खटिई सहयोग गर्नु हुने गाउँपालीकाका कर्मचारीलाई धन्यवाद दिन चाहन्छु। यो गाउँ सभामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न रहनु हुने बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिज्युहरु एवं हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनहुने सम्पुर्ण आदणीय व्यक्तित्वहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। हाम्रो निमन्त्रणालाई स्विकार गरी पाल्नु हुने सुरक्षा निकायका प्रमुखज्युहरु,पत्रकारज्युहरु सरकारी,गैरसरकारी क्षेत्रका सहभागीहरु लगायत उपस्थित अन्य व्यक्तित्व प्रति आभार तथा धन्यवाद प्रकट गर्दछु। प्रस्तुत कार्यक्रमको कार्यान्वयनको निम्ति यहांहरुवाट प्राप्त हुने रचनात्मक सुझाबलाई मार्गदर्शनको रुपमा लिएर गाउँपालिका अगाडि बढ्ने विश्वास दिलाउदै यस पन्ध्रौं गरिमामय गाउँसभाको सफलताको शुभकामना सहित यहांहरुको निरन्तर साथ र सहयोगको अपेक्षा गर्दै विदा चाहान्छु।

**धन्यवाद**